## सम्वत् २०७८ साल असार ७ गते बसेको नगर कार्यपालिका बैठकका प्रस्तावनाहरु-

प्रस्तावहरुः-

१. हालसम्मका कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।
२. आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम सम्वन्धमा ।
३. आ.व. २०७८/०७९ को बजेट वक्तव्य सम्वन्धमा ।
४. आर्थिक विधेयक २०७८ सम्वन्धमा ।
५. विनियोजन विधेयक २०७८ सम्वन्धमा ।
६. आ.व. २०७८/०७९ को वडास्तरीय योजना सम्वन्धमा ।
७. आ.व. २०७८/०७९ को शाखागत योजना सम्वन्धमा ।
८. आ.व. २०७८/०७९ को नगरस्तरीय बजेट तथा कार्यक्रम सम्वन्धमा ।
९. आ.व. २०७७/०७८ को आय व्यय सम्वन्धमा ।
१०. करारका कर्मचारीहरुको म्याद थप सम्वन्धमा ।
११. आ.व. २०७७/०७८ का सम्पूर्ण कार्यपालिका बैठकका निर्णयहरु अनुमोदन सम्वन्धमा ।
१२. आ.व. २०७७/०७८ मा कार्यान्वयन भएका सम्पूर्ण योजना तथा कार्यक्रमहरुलाई फरफारक गरी अनुमोदन गराउने सम्वन्धमा ।
१३. योजना परिवर्तन सम्वन्धी अधिकार प्रत्यायोजन सम्वन्धमा ।
१४. स्थायी कर्मचारीहरुको आ.व. २०७८/०७९ को तलबी प्रतिवेदन सम्वन्धमा ।
१५. प्रोत्साहन भत्ता सम्वन्धमा ।
१६. न्यायिक समितिको वार्षिक प्रतिवेदन सम्वन्धमा ।
१७. गोरखा गेटमा सिसिटिभि र डिजिटल बोर्ड जडानको म्याद थप सम्वन्धमा ।
१८. तारजाली खरिदको लागि बजेट विनियोजन सम्वन्धमा ।
१९. होमस्टेलाई बजेट विनियोजन सम्वन्धमा ।
२०. स्वास्थ्यकर्मीको फिल्ड भत्ता सम्वन्धमा ।
२१. एम्बुलेन्स संचालन सम्वन्धी कार्यविधि २०७८ सम्वन्धमा ।
२२. गोरखा दरबार क्षेत्रमा सिढी निर्माणको लागि बजेट विनियोजन सम्वन्धमा ।
२३. आ.व. २०७७/०७८ को समिक्षा सम्वन्धमा ।
२४. मेलमिलाप कार्यविधि २०७८ स्वीकृती सम्वन्धमा ।
२५. भगिनी सम्वन्ध सम्वन्धमा ।
२६. एम्बुलेन्स चालकहरुको नियुक्ति सम्वन्धमा ।
२७. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र नविकरण सम्वन्धमा ।
२८. कालोवर अर्खले पश्चिमकाली सडकको म्याद थप सम्वन्धमा ।

Scanned with CamScanner

२८. कालोवर अर्खले पश्चिमकाली सडकको म्याद थप सम्वन्धमा ।

२९. नयाँ वस्ती देखि बराहा सम्मको सडकको म्याद थप सम्वन्धमा ।

३०. पाटेचौर-रानीवन-पन्थेश्वारा-भिमसेन पार्क-विन्द्रावन होटलको माथिको सडकको म्याद थप सम्वन्धमा ।

३१. जलश्रोत उपभोक्ता संस्थाहरुको नविकरण सम्वन्धमा ।

३२. ह.स.चा. हरुको प्रोत्साहन भत्ता सम्वन्धमा ।

३३. कोभिड-१९ रोकथाम र नियन्त्रणका लागि खरिद गरिएका सामाग्रीहरुको अनुमोदन सम्वन्धमा ।

३४. वहुउद्देशिय भवनको म्याद थप सम्वन्धमा ।

३५. क्रमागत योजनाहरु सम्वन्धमा ।

३६. विविध ।

Scanned with CamScanner

## सम्वत् २०७८ साल असार ७ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरुः-

### निर्णय नं. १

प्रस्ताव नं. १ उपर छलफल गर्दा, हालसम्म नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ उपर छलफल गर्दा, यस नगरपालिकाका नगर प्रमुखज्यूले नगरसभामा पेश गर्नुहुने आ.ब. २०७८/०७९ को तपसिलको नीति तथा कार्यक्रम स्वीकृत गरी आठौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

तपसिलः-

## गोरखा नगरपालिकाको नीति तथा कार्यक्रम, २०७८।७९

नगरसभाका सदस्यज्यूहरु,

ऐतिहासिक एवं पर्यटकिय नगरी गोरखा नगरपालिकाको आठौं नगरसभामा आ.व. ०७८/७९ का लागि लिइएका नीति तथा कार्यक्रमलाई यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

विश्वभर अकल्पनिय महामारीको रुपमा फैलिएको कोरोना भाइरसको कारण प्रतिकुल परिस्थिति सामना गरी राखेको वर्तमान अवस्थामा यस भाइरसको सक्रमणवाट नागरिकको जीवन रक्षा गर्न र अर्थतन्त्रलाई गतिशील बनाउने गहन जिम्मेवारी बोध गरेको छु ।

कोरोना भाइरसको संक्रमणवाट ज्यान गुमाउनुहुने प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु र संक्रमितहरुको शिघ्र स्वास्थ लाभको कामना गर्दछु ।

यस अवस्थामा समस्त नगरवासीको जीवन रक्षा गर्ने, सुनौलो भविश्यको परिकल्पना सहित आशाको दियो वाल्ने र अर्थतन्त्रलाई तीव्र विकासको वाटोमा लैजाने गरी यस नीति तथा कार्यक्रम तय गरिएको छ ।

महामारीको रुपमा फैलिएको कोरोना भाइरससँगको लडाईको यात्रामा ऐक्यवद्धता जनाई गोरखा नगरपालिकालाई साथ र सहयोग गर्नु हुने सम्पूर्ण स्वास्थ्यकर्मी, जनप्रतिनिधिहरु, टोल विकास संस्थाका पदाधिकारीहरु, सुरक्षाकर्मी, कार्यालयका कर्मचारीहरु, पत्रकारहरु तथा भौतिक एवं आर्थिक रुपमा सहयोग उपलव्ध गराउनुहुने सहयोगी सस्थाहरु लगायत सम्बद्ध सवै प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

Scanned with CamScanner

गोरखा नगरपालिकालाई प्राप्त श्रोत, साधन र अधिकारको प्रयोग गरी नगरपालिकाको गत आर्थिक वर्षको वार्षिक कार्यक्रमको कार्यान्वयनमा अन्तिम चरणमा आइपुगेको व्यहोरा यस गरिमामय सभामा जानकारी गराउन चाहन्छु ।

गोरखा नगरपालिकाले नगरको समग्र विकासको लागि ***"गोरखा नगर समृद्धिको आधार, पर्यटन, कृषि र पूर्वाधार"***सोच तय गरेको छ । उक्त सोचलाई प्राप्त गर्नका लागि ***"धार्मिक एवं ऐतिहासिक पर्यटन, व्यावसायिक कृषि, गुणस्तरीय शिक्षा, स्थानीय स्रोत, साधनको उच्चतम उपयोगमा जोड दिदै दिगो विकासको अवधारणा अनुरुप समतामूलक समाज तथा समृद्ध नगर निर्माण गर्ने"***लक्ष्य लिएको छ ।

कोरोना लगायत सबै प्रकारका स्वास्थ्य जोखिमबाट नगरवासीहरुलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउन स्वास्थ्य सेवाको दायरा विस्तार, स्वास्थ्य पूर्वाधार निर्माण तथा स्तरोन्नती गरी स्वस्थ जनशक्ति विकास गरिने छ ।

कोरोना भाइरस संक्रमणको कारण उत्पादनमा आएको ह्रास र आपूर्ति श्रृंखलालाई पुर्नस्थापना गर्दै कृषि, उद्योग, पर्यटन, निर्माण लगायत प्रभावित व्यवसायहरुको पुर्नउत्थान गरिने छ ।

नगरवासीहरुका लागि काम र रोजगारीका अवसर, खाद्य सुरक्षा, समाजिक सुरक्षा र संरक्षणका कार्यक्रम ल्याइनेछ ।

विकासको शीघ्र प्रतिफल प्राप्त हुने र आगामी वर्ष भित्र सम्पन्न हुने प्रमुख अधुरा आयोजनाहरुलाई प्राथमिकता दिईनेछ ।

कोरोना भाइरसका कारण भएको बन्दाबन्दीको अवस्थालाई मध्यनजर गर्दै व्यवसाय दर्ता गरेर व्यवसाय सञ्चालन गरेका व्यवसायीहरुलाई २५ प्रतिशत व्यवसाय कर मिनाहा दिने कार्यलाई निरन्तरता दिने नीति लिइएकोछ ।

घर भाडा करलाई सरल तुल्याउन स्वयम् घोषणा गरेर आउने घर धनीहरुलाई सुरुको अवस्थामा ४.५प्रतिशत घर भाडा कर मिनाहा दिने नीति लिईएकोछ ।

लामो समयदेखि व्यवसाय गर्दै आएका तर व्यवसाय दर्ता नगरी बसेका व्यवसायीहरुलाई एक पटकका लागि व्यवसाय दर्ता गर्न अन्तिम मौका दिईनेछ अन्यथा उक्त व्यवसाय बन्द गराइनेछ । व्यवसाय दर्ता गरेर नवीकरण नगरी बसेका

Scanned with CamScanner

व्यवसायीहरुका हकमा पौष मसान्त सम्म नविकरण गरेमा लाग्ने नवीकरण शुल्कमा ५० प्रतिशत मिनाहा दिइने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

गुणस्तरीय र जीवनउपयोगि शिक्षा, सूचना प्रविधिको विस्तार, आधारभूत खानेपानी लगायतका सामाजिक आर्थिक तथा भौतिक पूर्वाधार विकास तथा निर्माण, र संघीयता कार्यान्वयन, गुणस्तरीय तथा पँहुचयुक्त सार्वजनिक सेवा र उत्तरदायी तथा पारदर्शि शासन व्यवस्थाको सुदृढीकरण गरिनेछ ।

वेरोजगार रहेका, कोरोनाका कारण रोजगार गुमेका र वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई कार्यअनुभव तथा पारिश्रमिक सहितको जनसहभागितामूलक विकासमा सहभागि गराइने छ ।

कोरोनाका कारण रोजगार गुमेका र तत्काल पुर्नउत्थान भई रोजगार सृजना हुन नसक्ने क्षेत्रमा कार्यरत रहेका मजदुरको सीप रुपान्तरण गरी अन्य कार्य गर्न सक्षम तुल्याइने छ ।

नगरको विकासमा उर्लदो जनआकांक्षा, सीमित श्रोत, साधन र कानूनी कार्यविधि बीच तालमेल मिलाएर काम गर्दै छोटो समयावधिमा तीव्र विकासका प्रतिफल हासिल गर्नु हाम्रो लागि मुख्य चुनौती हुन् । यस्ता चुनौतीलाई अवसरका रुपमा लिएर हामीले जनताको दैनिक समस्या समाधान गर्दै जीवनस्तर उकास्ने देखि लिएर भौतिक पूर्वाधार, कृषि, पशु, पर्यटन, शिक्षा, स्वास्थ्य लगायत आर्थिक, सामाजिक, सांस्कृतिक र धार्मिक पक्षका विकासका कार्यहरु मार्फत नगरको समग्र विकासको खाका कोरेका छौं । यसवाट केही महत्वपूर्ण उपलब्धिहरु हासिल भएका छन् । यसै अवधिमा नगरको सुशासन, विकास र समृद्धिको लागि आवश्यक पर्ने महत्वपूर्ण ऐन तथा कार्यविधि जारी गरी कार्यान्वयनमा ल्याइएका छन् ।

भूकम्पपछिको पुनःनिर्माणमा नगरपालिकाका अधिकाशं प्रभावितहरुलाई सहयोग गरिराखेको परिवेशमा अकस्मात विश्वभर अकल्पनिय महामारीको रुपमा फैलिएको कोराना भाइरसको कारण प्रतिकुल परिस्थितिको सामना गरि राखेको यस विषम अवश्थामा नगरबासीहरुको प्राण रक्षाका लागि उपलव्ध गराउनु पर्ने खाद्य सामाग्रीहरु तथा स्वास्थ्य तथा पोषण सुधारका लागि तत्काल गर्नु पर्ने कार्यहरु हाम्रो सामु थप चुनौतीको रुपमा देखा परेको छ ।

Scanned with CamScanner

गोरखा नगरपालिका र संयुक्त अधिराज्यको Greater Rushmoor Borough Council बीच भगिनी सम्बन्ध स्थापना भई विभिन्न साझेदारी कार्यक्रमहरु तय गरी अगाडी वढाएका छौ ।

नगरपालिकाको योजनावद्ध व्यवस्थित विकासको लागि एकीकृत नगर विकास गुरुयोजनाको निर्माण कार्य सम्पन्न गरी सोहि अनुसारका कार्यक्रमहरु तय गरि संचालन प्रारम्भ गरिनेछ ।

सवै वडाहरुमा इन्टरनेट सेवाको पहुँच पुर्याउने अवधारणा अनुसार निजी सेवा प्रदायक संस्थासँगको सहकार्यमा वडा नं. १३ र १४ मा इन्टरनेट सेवा उपलब्ध गराइने छ ।

नगरपालिका क्षेत्रभित्रको काठे पोल विस्थापनको कार्यक्रमलाई आगामी वर्षमा समेत निरन्तरता दिइनेछ ।

नगरपालिका क्षेत्रभित्र विद्युत क्षमता विस्तार गर्न नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वय गरी क्षमता विस्तार गरिनेछ ।

नगरपालिका क्षेत्रभित्रको नगरपालिकाले निर्माण गरेको स्थानीय सडकहरुको लगत कट्टा गर्न नियमानुसार प्रक्रिया अगाडी वढाइनेछ ।

नगर क्षेत्रभित्र फ्रि वाइ फाइ जोन स्थापना गर्न सेवा प्रदायकसँगको साझेदारीलाई निरन्तरता दिइनेछ ।

*"सबैको समतामूलक सहभागिता,नगर विकासमा प्रभावकारिता"* भन्ने नाराका साथ नगरका सवै कार्यहरु सहभागितामूलक ढंगले सञ्चालन तथा कार्यान्वयन गरिनेछ । यसले समावेशी विकासलाई प्रवर्द्धन गर्नेछ ।

नगरसभा सदस्यज्यूहरु,

आगामी आ.व. ०७८।०७९ को क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

## शिक्षा, युवा तथा खेलकूद तर्फः

### शिक्षा

- वर्तमान परिवेशमा कोरोना भाइरसको महामारीवाट विश्वले भोग्नु परेको वन्दा वन्दी अवश्थामा शैक्षिक गतिविधीहरुलाई निरन्तरता प्रदान गर्न सम्भव भए सम्म श्रव्य

Scanned with CamScanner

दृश्य सामाग्री तथा virtual कक्षा मार्फत शैक्षिक क्रियाकलापहरु संचालनमा आवश्यक पहल गरिने छ । कोभिड-19 ले पुर्‍याएको शैक्षिक क्षतिलाई न्युनिकरण गर्न रेडियो, एफ.एम, टीभीवाट विभिन्न कार्यक्रमहरु प्रशारण गरी शिक्षण सिकाइ गरिनेछ । ICT ल्यावको व्यवस्था भएका विद्यालयहरुलाई आ-आफ्ना वालवालिकामा कक्षागत र विषयगत भर्चुअल कक्षा संचालनको व्यवस्था मिलाउन विद्यालयलाई जिम्मेवार वनाईनेछ ।

- अनलाइन र अफलाइन सामाग्रीको प्रयोग गरी शैक्षिक गतिविधि अगाडि वढाइने छ ।
- विपदसँग जुध्ने खालका जनशक्ति तयार गर्न स्थानीय पाठ्यक्रम विकास गरी लागू गरिनेछ ।
- ***"समय सापेक्ष गुणस्तरीय शिक्षाः नगरबासी सबैको अपेक्षा"*** भन्ने मूल नाराका साथ नगरभित्रको शैक्षक गुणस्तर कायम गरी सिकाइ उपलब्धिलाई वृद्धि गर्नका साथै सर्वसुलभ शिक्षाको प्रत्याभूति गराउने विभिन्न कार्यक्रमहरु तय गरिनेछ ।
- शिक्षामा सवैको समान अधिकार र पहूँच पुर्‍याउन अनिवार्य आधारभूत शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । नगर क्षेत्रभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत वालवालिकाहरुको पोषणमा सुधार ल्याउनुका साथै विद्यालय छाड्ने दरलाई कम गर्नका लागि कक्षा ५ सम्मको खाजाको कार्यक्रमलाई पूर्णरुपमा लागू गर्दै ECD का वालवालिकाका लागि थप खाजा व्यवस्था गरिनेछ । साथै मदरसा लगायतका परम्परागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि दिवा खाजाको व्यवस्था गरिनेछ । विद्यार्थी भर्ना कार्यक्रमलाई प्रभावकारी वनाई वालवालिकाको पढ्न पाउने हकलाई सुनिश्चित गरिनेछ ।
- विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा प्रभावकारिता ल्याउन नियमित अनुगमन, निरीक्षण र सुपरीवेक्षण गरिने छ । शैक्षिक उपलब्धिको आधारमा शिक्षक एवं विद्यालयलाई पुरस्कृत गरिने छ ।
- नगरभित्र संचालित विद्यालयहरुको शिक्षण सिकाइमा प्रविधिको प्रयोगलाई जोड दिइने छ । प्रविधिमैत्री शिक्षणका लागि आधारभूत तहलाई विद्यार्थी संख्या र शिक्षकको क्षमता अनुकुल ICT को व्यवस्था गरिनेछ र शिक्षकहरुलाई ICT तालिमको व्यवस्था गरिने छ ।

Scanned with CamScanner

- शैक्षिक संस्थामा अनियमित रुपले लिइने शैक्षिक शुल्कको नियमन तथा नियन्त्रण गरिनेछ । विद्यार्थी संख्या, सुगमता, भौगोलिकता एवं सामाजिक परिवेश आदि मापदण्डका आधारमा विद्यालय समायोजन तथा दरवन्दी मिलान कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका भित्र विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयको पहुँचभित्र ल्याइने छ । मदरसा र गुरुकुललाई पनि विद्यालयको तहगत शिक्षाको मूलधारमा ल्याउन प्रयत्न गरिनेछ । विद्यार्थीहरुको Drop Out हुने कार्यलाई निरुत्साहित गरिनेछ ।
- नगरभित्रका सबै माध्यामिक विद्यालयहरुमा न्यूनतम Lab, Library र ICT को व्यवस्थापन पछि विद्यार्थी संख्या, आवश्यकता र सिकाई उपलब्धिको आधारमा प्रोत्साहित गर्न थप कार्यक्रमहरु उपलब्ध गराइने छ ।
- विद्यालयको भौतिक अवस्था हेरी मर्मत, घेरावार तथा विद्यार्थी संख्याका आधारमा नपुग फर्निचरको लागि सम्बोधन गरिनेछ ।
- सिमान्तकृत, दलित, अपाङ्ग, छात्रा छात्रवृत्ति वितरणका साथै उत्कृष्ट विद्यार्थीलाई नगरप्रमुख छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- छात्राहरुको मासिक स्रावका कारणले विद्यालयमा अनुपस्थित हुने दरलाई घटाउन नेपाल सरकारबाट प्राप्त सेनेटरी प्याड उपलब्ध गराई त्यसको वितरण र प्रयोग सम्बन्धमा प्रभावकारी अनुगमन गरिनेछ ।
- नमुना बालविकाश केन्द्र निर्माण गरिनेछ ।
- सुत्केरी हुँदा विद्यालयमा हुने शैक्षिक क्षति कम गराउन विगत वर्षमा लागू गरेको सुत्केरी सट्टा शिक्षक कार्यक्रम तथा बालविकास सहयोगी कार्यकर्तालाई दिँदै आएको प्रोत्साहन अनुदानलाई निरन्तरता दिइनेछ ।
- शिक्षकहरुको क्षमता विकाशका लागि शिक्षकहरु संगै प्रस्ताव मागी लघु अनुसन्धान तथा Action Research गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । सकेसम्म धेरै शिक्षकहरुको सहभागिताका लागि आधारभूत तह र माध्यामिक तहका शिक्षकहरुको तहगत रुपमा क्षमता प्रदर्शन गर्ने मौका दिइनेछ ।
- विपन्न समुदायका विद्यार्थीहरुका लागि गोरखा नगरपालिका भित्रकै क्याम्पस भित्र अध्ययनरत स्नातक तहका विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गरिनेछ । निजहरुलाई स्वयम् सेवक शिक्षकका रुपमा विद्यालयमा परिचालन गरिनेछ ।

Scanned with CamScanner

- नगरपालिका भित्रका सामुदायिक विद्यालयहरु मध्ये वाट कुनै एक विद्यालय छनौट गरी व्यवसायिक कृषि शिक्षा लागु गरिनेछ ।
- प्रदेश स्तरको नमुना विशेष विद्यालयको निर्माणमा ससर्तको अनुदानलाई परिचालन गर्दै विद्यालयमा भवन निर्माण तथा शैक्षिक पक्षमा प्राविधिक सहयोग पुर्याइने छ ।
- नगर भित्रका माध्यामिक विद्यालयहरुलाई नमूना माध्यामिक विद्यालय छनौटका लागि प्रस्ताव आह्वान गरी थप प्रोत्साहन दिने व्यवस्था मिलाइने छ ।
- स्रोत कक्षाहरुको सुदृढीकरणमा जोड दिइने छ ।
- गणित, अङ्ग्रेजी, विज्ञान शिक्षक आवश्यकता भएका आधारभूत तह (६-८) मा कम्तिमा पनि एक दरवन्दीको व्यवस्था गर्ने तथा एक दरवन्दी पनि नभएका माध्यामिक विद्यालयहरुमा व्यवस्थापनको लागि दरवन्दी मिलानलाई आधार वनाइनेछ ।
- अति विपन्न तथा गरिव छात्राछात्रालाई स्टेसनरी, झोला व्यवस्थापनका लागि वडा कार्यालयसँगको सहकार्यमा विद्यालय र विद्यार्थी पहिचान गरी अवश्यक व्यवस्था गरिनेछ ।
- स्नातकोत्तर तहमा अध्ययनरत नगर भित्रका विद्यार्थीहरुलाई अनुसन्धान कार्यका लगि प्राविधिक तथा आर्थिक सहयोग गरी अनुसन्धानमा हौसला प्रदान गरिने छ ।
- नगरभित्र संचालनमा रहेका सामुदायिक सिकाई केन्द्रको क्षमता वृद्धि गरी अनौपचारिक शिक्षा मार्फत आय आर्जन मूलक कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिने छ ।
- एक विद्यालय एक हरित वगैचा निर्माण कार्यलाई अगाडि वनाइनेछ ।

युवा तथा खेलकुद

- कोरोनावाट सृजित विभिन्न प्रतिकुल परिस्थितिवाट नगरवासीहरुलाई सचेत गराउनुका साथै आवश्यक राहत वितरण कार्यमा सहयोगको लागि यूवाहरुको परिचालन गरिने छ ।
- युवा जनशक्ति समाज विकासको मेरुदण्ड भएकोले विकास निर्माण, आर्थिक उन्नति, कृषि उत्पादन र सामाजिक परिचालनमा आम युवा सहभागिता सहितको कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । युवाहरुलाई उत्पादन सहकारी, क्षमता विकास, सामाजिक नेतृत्व र सीपमुलक तालिमद्धारा दक्ष बनाइ उद्यमशिलता विकास कार्यमा लगाइने छ
- वैदेशिक रोजगारमा गएका युवाहरुलाई स्वदेशमा फर्किने वातावरण तयार गर्न कृषि, पर्यटन, उद्योग व्यपार, जडीबुटी खेती, पशुपालन र उर्जा उत्पादनको वातावरण

Scanned with CamScanner

तयार गरी स्थानीय क्षेत्रमै रोजगारीको सिर्जना गर्ने नीति लागू गरिने छ। युवाशक्ति विदेश पलायन हुनवाट रोकी नेपाल सरकारवाट सञ्चालित युवा स्वरोजगार कार्यक्रमलाई समायानुकूल परिमार्जन गरी सहज र सरल रुपले स्वरोजगार कर्जा प्राप्त गर्ने वातावरण निर्माण गर्न पहल गरिने छ।

- नगरका रंगशालाहरुलाई व्यवस्थित वनाइनेछ।विद्यालयका खेलमैदानहरुको स्तरोन्नतिका लागि प्रोत्साहन गरिनेछ ।
- नगरस्तरीय खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- विद्यालय तथा वडास्तरमा गठन भएका क्लवहरुलाई विभिन्न खेलकुद प्रतियोगितामा सहभागिता गराइनेछ ।
- खेलमैदान निर्माण नभएका वडाहरुमा खेलमैदान निर्माण गर्न तथा भइरहेका खेलमैदानको स्तरोन्नती गरिनेछ
- मेयरकप फुटवललाई निरन्तरता दिइनेछ।
- जिल्लास्तरमा संचालन हुने राष्ट्रिय महत्व राख्ने दौड, खेलकुद तथा अन्य क्रियाकलापहरुमा नगरको संलग्नतालाई कायम नै राखिने छ।
- संघ र प्रदेश सरकारद्वारा तय भएका युवा सम्वन्धी कार्यक्रमहरु नगरले समन्वय गरी कार्यान्वयनमा ल्याइने छ
- छात्राहरुलाई खेलमा अगाडी वढाउनका लागि विद्यालय स्तरीय छात्रा भलिवल लगायतका विभिन्न खेलकुदका कार्यक्रम आयोजना गरिने छ।
- नगर स्तरीय युवा परिषद् गठन गरिनेछ।
- युवासँग मेयर कार्यक्रम आरम्भ गरिनेछ।
- खेल क्षेत्रको विकासका लागि नगर स्तरीय खेलकुद विकास समिति गठन गरी कार्य आरम्भ गरिनेछ।
- Cycling को लागि साइकल पदमार्ग निर्माणका लागि अध्ययन अगाडि वढाइनेछ।

## स्वास्थ्य तर्फ

- स्वास्थ्य सेवामा सवै नागरिकको सहज र समान पहुँच पुऱ्याउने नीति लिइने छ।
- **"नियमित सावुन पानीले मिचि मिचि हात धोऔ, कोरोना वाट आफू वचौ र अरुलाई पनि वचाऔ"** भन्ने अभियानलाई व्यापकताका साथ अगाडी वढाइने छ।

Scanned with CamScanner

- आधारभूत स्वास्थ्य सेवा आम नगरवासीको घर दैलोमा पुऱ्याईनेछ । विशेषज्ञ मार्फत स्वास्थ्य सेवा प्रभावकारी बनाउने नीति लिईनेछ ।
- विमा कार्यक्रमलाई प्रभावकारी तवरबाट सञ्चालन गर्नका लागि नगर क्षेत्र भित्रका विपन्न परिवार तथा जेष्ठ नागरिकलाई लक्षित गरी ***"नगर प्रमुख विपन्न, जेष्ठ नागरिक, अपाङ्ग, असहाय र एकल महिला विमा कार्यक्रम"*** लाई आगामी वर्षमा पनि निरन्तरता दिईने छ ।
- एक वडा एक स्वास्थ्य संस्था स्थापनाको कार्यलाई निरन्तरता दिईने छ । आयुर्वेद, यूनानी, होमियोप्याथी एवं प्राकृतिक चिकित्सा प्रणालीको विस्तार र प्रवर्द्धन गरिने छ ।
- दीर्घरोगी, मानशिक स्वास्थ्य समस्या, गर्भवती महिलाहरु तथा असहाय, अपाङ्गता भएका व्यक्तिहरुको लागि नियमित औषधी तथा स्वास्थ्य सामाग्रीहरु र सहायक सामाग्रीहरुको उपलब्धता गराउने निति लिईनेछ ।
- आजका किशोरकिशोरीहरु भविष्यका देश निर्माणका आधार हुन् भन्ने मान्यतालाई आत्मसाथ गर्दै किशोर किशोरी लक्षित स्वास्थ्य तथा पोषणका कार्यक्रमहरु सञ्चालन गरिनेछ । दलित, सीमान्तकृत तथा अल्पसंख्यक समुदायका दीर्घरोग लागेका बिरामीहरुलाई प्रकृति अनुरुप आंशिक तथा पूर्ण निःशुल्क उपचारको व्यवस्था गरिनेछ ।
- नगर भित्रका स्वास्थ्य संस्थाहरुमा आधारभूत प्रयोगशाला सञ्चालन, गर्भवतीहरुको लागि गर्भ जाँच, तथा भिडियो एक्सरे सेवा विस्तार गरिनेछ ।
- पूर्ण खोप यूक्त नगर कायम राख्न बालबालिकाहरुको लागि नियमित तथा पूर्ण खोपको सुनिश्चितता गरिनेछ । साथै एकिकृत बाल स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट अगाडि बडाईनेछ ।
- नगरपालिकाबाट प्रदान गरिने नियमित सेवा तथा स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवामा कोरोना भाईरस संक्रमण रोकथाम नियन्त्रण जोखिम न्यूनिकरण गरि सेवा प्रदान गर्ने निति लिईनेछ ।
- नगर प्रमुखसंग अति विपन्न, गरिब, अपाङ्गता तथा अशाहायहरुलाई औषधी उपचार खर्च, उपचार सहयोग तथा सहायता सामाग्री वितरणका लागि नगर प्रमुख कल्याणकारी कोषलाई निरन्तरता दिईनेछ ।

Scanned with CamScanner

- गर्भवती तथा सुत्केरी अपाङ्ग, अति गरिव, विपन्नका परिवारका लागि उद्धार गर्न नगर उप-प्रमुख गर्भवती उद्दार कोषलाई निरन्तरता दिईनेछ ।
- महामारी रोग नियन्त्रणको लागि Rapid Response Team गठन गरि स्वास्थ्यकर्मी परिचालन गरिनेछ । कोरोना (कोभिड -१९) संक्रमण नियन्त्रणको लागि हेल्थ डेक्स, क्वारेन्टाईन व्यवस्थापन तथा आईशोलेशनको व्यवस्था गरि संक्रमण नियन्त्रणको प्रयासलाई निरन्तरता दिईनेछ ।
- किशोर किशोरी लक्षीत कार्यक्रम तथा विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रमलाई प्रभावकारी ढंगबाट सञ्चालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयम सेविका तथा स्वास्थ्यकर्मीहरुको लागि महामारी तथा आपतकालीन अवस्थामा कामको उच्च मूल्याङ्कन गरी प्रोत्साहन गरिनेछ । साथै स्वास्थ्य स्वयम सेविकाहरुका लागि १० हजारका दरले प्रोत्साहन सुविधा उपलब्ध गराईने छ ।
- "वस्ती वस्तीमा स्वास्थ्य सेवाको विस्तार, तव हुन्छ नगरको सपना साकार" भन्ने मान्यतालाई पूरा गर्न समय समयमा विपन्न, असहाय, दलित, जेष्ठ नागरिक र गर्भवती महिलाको स्वास्थ्य जाँचको लागि घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ । जेष्ठ नागरिक उपचार कार्डको प्रयोगलाई निरन्तरता दिइनेछ । यसका साथै स्वास्थ्यकर्मीहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गरी स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय र भरपर्दो बनाइनेछ । जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वयम् सेविकाको जिम्मेवारी थप गर्नुका साथै कार्यसम्पादनका आधारमा प्रोत्साहन उपलब्ध गराइनेछ ।
- किशोर किशोरीका लागि लागु औषध न्यूनीकरण गर्नका लागि कार्यक्रम संचालन गरिने छ ।
- स्वस्थ मानव पूँजी विकास गर्नका लागि यस आ.व.मा कार्यान्वयन गरिएको पोषिलो झोला कार्यक्रमको प्रभावकारी रहेको पाइएकोले यो कार्यक्रमलाई निरन्तरता दिनुका साथै कुपोषणमुक्त नगरपालिका बनाउन सुनौला हजार दिनका आमाहरुलाई पोषणको विशेष व्यवस्था गरिनेछ ।
- कोभिड -१९ सम्वन्धी सचेतनाका लगि पोषण नाङ्गेलो, पोषण कर्नर, पोषण पाठशाला, स्वस्थ वच्चा प्रतियोगिता, सकारात्मक झुकाव चुल्हो, गलत सामाजिक रिति रिवाज सम्वन्धी पैरवी, प्रजनन स्वास्थ्य र पोषण सम्वन्धी प्रजनन उमेरका महिला हरुलाई वहुक्षेत्रीय पोषण योजना सम्वन्धी अवधारणात्मक तालिम (नगर

Scanned with CamScanner

कार्यपालिकाका सवै सदस्य तथा वडा स्तरका जनप्रतिनिधीहरुलाई समेत) कार्यक्रम संचालन गरिने छ ।

- यस नगरपालिका भित्र एक मात्र आयुर्वेद औषधालय रहेकाले सम्पूर्ण नगरवासीमा आयुर्वेद चिकित्सा पहुँच नभएको परिप्रेक्षमा आयुर्वेद घुम्ती क्लिनिक, नियमित शहरी क्लिनिक, निःशुल्क आयुर्वेद शिविर संचालनलाई निरन्तरता दिदै आयुर्वेद चिकित्सा सेवालाई वडा स्तरमा विस्तार गर्दै लगिने छ ।
- आधारभूत तहका विद्यार्थीहरुलाई सरसफाई तथा मुख स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।
- माध्यामिक तथा क्याम्पस तहमा किशोर –किशोरी मैत्री,महिनावारी स्वास्थ्य एवं लागु पदार्थ दुर्व्यशनी तथा मानसिक स्वास्थ्य सम्वन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयहरुमा आधारभुत प्राथमिक उपचार तालिम सञ्चालन गरिनेछ ।
- नवजात शिशुहरुको पूर्णखोपलाई निरन्तरता दिदै शिशु स्याहारका लागि आवश्यक परामर्श र सहयोग उपलब्ध गराईनेछ ।
- हरेक स्वास्थ्य सस्थामा परिवार नियोजनको अस्थायी साधन प्राप्त गर्ने अवस्थाको सृजना गर्दै स्थायी वन्ध्याकरण शिविर सञ्चालन गरिनेछ ।
- ५० वर्ष भन्दा माथिका महिलाहरुको पाठेघरको मुखको Cancer Screening सेवा आरम्भ गरिनेछ ।
- आङ खसेका महिलाहरुको तथ्याङ्क संकलन गरी अपरेशन शिविर सञ्चालन गरिनेछ ।
- नगरवासीको स्वास्थ्य उपचार प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न स्वास्थ्य सेवा हटलाइन सेवा आरम्भ गरिनेछ ।
- Covid-१९ को प्रतिरक्षा र रोकथामका लागि स्थानीय स्तरमा पाइने जडिबुटीहरुको सेवनलाई प्रोत्साहन गर्न विभिन्न कार्यक्रम ल्याइने छ । साथै आइसोलेसनमा रहेका विरामीहरुका लागि रोग प्रतिरोधात्मक शक्तिबर्दक आयुर्वेदिक औषधिहरु वितरण कार्यलाई निरन्तरता दिइनेछ ।
- कृषकहरुलाई जडिबुटी खेती गर्नका लागि उत्प्रेरित गर्न स्थानीय रुपमा पाइने जडिबुटीहरु कृषकहरुबाट खरिद गरी नगरपालिका अन्तर्गत रहेको गोरखा बजार आयुर्वेद औषधालयमा आयुर्वेद औषधि निर्माण शुरुवात गरिने छ ।

Scanned with CamScanner

- नसर्ने रोगले महामारीको रुप लिँदै गएको अवस्थामा त्यसको न्यूनीकरणको लागि योग ध्यान शिविर संचालन गरिने छ ।
- लैंगिक हिंसा न्यूनीकरण गर्नका लागि विद्यालय स्तरमा कार्यक्रम संचालन गरिने छ ।
- नगरपालिका भित्रका सबै विद्यालयहरुमा लाइन्स क्लव अफ गोरखाको सहकार्यमा आँखा जाँच शिविर सञ्चालन गरिनेछ ।
- घरमै प्रसुती हुने प्रचलनलाई शुन्यमा झारिने अभियानलाई तिव्रता दिइनेछ ।
- कोभिडका विरामी तथा मानसिक रोग ग्रस्त विरामी लगायतका लागि सामाजिक मनोपरामर्श कार्यक्रम लागु गरिनेछ ।
- नेपाल रेडक्रस सोसाइटी गोरखा शाखाको सहकार्यमा रक्त सञ्चार सेवा प्रारम्भ गरिनेछ ।
- विद्यालयमा रहेका शिक्षक तथा विद्यार्थीहरुको स्वास्थ्य पार्श्वचित्र तयार गरिनेछ ।
- प्रदेश सरकारसँगको सहकार्यमा स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी ढंगवाट लागु गरिनेछ ।
- ६५ वर्ष माथि ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति (रातो र निलो कार्ड) अशक्त अशहाय र सुत्केरी महिलाहरुका लागि स्वस्थ्य सस्था सम्म उपचारात्मक व्यवस्थाको लागि निशुल्क एम्बुलेन्सको व्यवस्था गरिनेछ ।
- कोभिड –१९ वाट संक्रमित भै मृत्यु भएका व्यक्तिका परिवारलाई नगद सहयोग तथा संक्रमितलाई पौष्टिक आहारको व्यवस्था गरिनेछ ।
- प्रत्येक वडामा २ महिनामा एक पटक परिक्षण गर्ने गरी घुम्ती ल्याव शिविर सञ्चालन गरिनेछ ।
- चिकित्सकको दरवन्दी व्यवस्था गरी चिकित्सक सहितको स्वास्थ्य कर्मीको टोली मार्फत ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति,गर्भवती, सुत्केरी महिला तथा बालावालिकालाई घर –घरमा नै स्वास्थ्य सेवा उपलब्ध गराइने व्यवस्था मिलाइनेछ ।
- कोभिड –१९ को नियन्त्रण,रोकथाम तथा उपचारात्मक व्यवस्थाको लागि गोरखा अस्पतालसँग आवश्यक समन्वय गरिनेछ साथै नगर स्तरीय आइसोलसन कक्षलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ ।
- कोभिड संक्रमितको पहिचानको लागि परिक्षणको दायरालाई व्यापक वनाइनेछ ।
- हरेक स्वास्थ्य सस्थालाई अपाङ्ग मैत्री वनाउन पहल गरिनेछ ।
- स्वास्थ्य सस्थाको पहुँचवाट टाढा रहेका वडावासीहरुलाई गाँउघर क्लिनिक/खोप क्लिनिकको माध्यमवाट सेवा विस्तार गरिनेछ ।

Scanned with CamScanner

- स्वास्थ्य सस्था र स्वास्थ्यकर्मीको सुरक्षाका विषयमा विद्यमान कानुनको पूर्णरुपमा पालना गर्न गराउन लगाइनेछ ।
- आधारभूत स्वास्थ्य सेवा विस्तार गरी आँखा,कान,नाक,घाँटी तथा सुगर जाँचका कार्य अघि वढाईनेछ ।
- उपचारात्मक र प्रर्वधनात्क स्वास्थ्य सेवा एकै साथ स्वास्थ्य सस्था मार्फत वा समुदायमा आधारित भै अगाडि वढाइनेछ ।
- नियमित गरिने दैनिक विरामी जाँचका अलवा आवश्यक थप सेवाहरु (परिवार नियोजन,क्यान्सर स्क्रीनिङ) विस्तार गरिनेछ ।

## सामाजिक विकास तर्फः

लोक संस्कृतिलाई जर्गेना गर्न नगरस्तरमा कला, साहित्य र संस्कृति केन्द्र स्थापना गर्न अध्ययन गरिने छ । पुराना कला, साहित्य र संस्कृति संरक्षण र संवर्द्धन गर्न विशेष कार्यक्रम ल्याइनेछ । नगरपालिका क्षेत्रभित्र प्रचलनमा रहेका विभिन्न जात्रा, पर्व, नाचगान तथा सांस्कृतिक मान्यता, परम्परागत धार्मिक र सांस्कृतिक धरोहरहरुको संरक्षण गरिनेछ ।

ऐतिहासिक एवं पुरातात्विक महत्वका सम्पत्तिहरुको संरक्षण गर्नुका साथै मठ, मन्दिर, पाटी पौवा, मस्जिद, गुम्वा, चर्च, कव्रस्थान, इदग्रह र गुठीहरुको व्यवस्थापन कार्यलाई जोड दिइने छ ।

नगरभित्र कला र साहित्यको प्रवर्द्धन गर्न कलाका सवै पक्षलाई समेटेर गोरखा प्रज्ञा प्रतिष्ठानको गठन गरिनेछ ।

Scanned with CamScanner

**गैर सरकारी संघ संस्था**

- गोरखा नगरपालिका र गैसस सँगसँगै भन्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिकामा सञ्चालित हुने गैरसरकारी संघ संस्थाले नगरपालिकाको अनिवार्य अनुमति पश्चात् आफ्नो कार्य क्षेत्र तय गरी नगरपालिका क्षेत्रमा काम गर्ने व्यवस्था मिलाइने छ ।
- विभिन्न गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा नगरमा पूर्वाधार विकास निर्माण कार्यहरु स्वास्थ्यचौकी, विद्यालय, सिंचाई तथा खानेपानी लगायतका योजनाहरु प्रभावकारी रुपमा सञ्चालन भइरहेको र यस कार्यलाई निरन्तरता दिईनेछ ।
- सुरक्षित आप्रवासन परियोजनालाई निरन्तरता दिइनेछ ।
- वहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण आयेजनालाई निरन्तरता दिइनेछ ।
- वर्तमान समाजमा रहेको सामाजिक कुसंस्कार र विकृतीलाई हटाउनको लागि नागरिक चेतना अभिवृद्धीका लागि किशोरी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

**लक्षित वर्ग**

**जेष्ठ नागरिकः**

- हरेक वर्ष नगर स्तरिय जेष्ठ नागरिक दिवस कार्यक्रम सञ्चालन गरी जेष्ठ नागरिक सम्मान तथा अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम सञ्चालन गरिने छ ।
- जेष्ठ नागरिकहरुलाई विभिन्न तीर्थ स्थलहरुको भ्रमण गराइने छ
- जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गरिनेछ ।

**दलित समुदाय**

- समाजमा कला कौशलको धनी दलित समुदायको परम्परागत सीपलाई आधुनिकीकरण गर्दै उद्योगको रुपमा विकास गरी आधुनिक औजारहरुको हस्तान्तरण गरिने नीति लिईनेछ
- दलित समुदायको क्षमता विकास गर्न विभिन्न रोजगारमूलक तथा आयमूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- दलित महिला जनप्रतिनिधिहरुको क्षमता विकास कार्यक्रम संचालन गरिने छ ।

**बालबालिका**

Scanned with CamScanner

- मानव सेवा आश्रमको सहकार्यमा अनाथ बालबालिका व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।
- ३५ दिन भित्र जन्म दर्ता गर्ने अभिभावकलाई प्रोत्साहन गरिनेछ ।
- बालश्रम, बालशोषण, बालविवाह र बालहिंसा न्यूनीकरण गर्न यस सम्बन्धी कानूनहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- गोरखा नगरपालिकाको कम्तीमा चारवटा वडालाई बालमैत्री घोषणा गरिनेछ ।
- बालक्लब र बाल सञ्जालहरुमार्फत बालबालिकाको चेतना अभिवृद्धि गरिने छ
- नगरपालिकाको वडास्तरीय र नगरपालीकास्तरीय बाल सञ्जाल तथा बाल संरक्षण समितिको क्षमता विकासको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।
- नगर स्तरीय बाल परिषद् गठन गरिनेछ ।

**महिला**

- महिला हिंसा विरुद्धको कानुनलाई कडाइका साथ लागू गरी महिला हिंसा न्यूनीकरण कार्यलाई अभियानको रुपमा सञ्चालन गरिने छ । महिलाको क्षमता अभिवृद्धिका लागि सीपमूलक,क्षमता विकास र चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- महिला शक्तिकरण मार्फत महिलाहरुको उद्यमशीलता तथा नेतृत्व विकासका **उप प्रमुख सबल नेतृत्व विकास कार्यक्रम** लाई निरन्तरता दिइनेछ ।
- नगरबाट प्रवाह गरिने सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन सबै महिला जनप्रतिनिधिहरुका लागि क्षमता विकास कार्यक्रम सञ्चालग गरिने छ।
- एकल महिलाहरुका लागि क्षमता विकास तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- मानव वेचविखान विरुद्धको अभियानलाई सक्रिय रुपमा सञ्चालन गरिने छ ।
- लैङ्गिक संवेदनशील आधारमा बजेट कार्यक्रम कार्यान्वयनमा ल्याइने छ र जेसी अडिट कार्यलाई निरन्तरता दिइने छ ।
- आगामी आ.व. देखि असल बुहारी सम्मान कार्यक्रमलाई अगाडि बढाइनेछ ।
- अति विपन्न असहाय महिलाको लागि सहयोग गर्ने व्यवस्था गरिने छ ।
- लैङ्गिक तथा घरेलु हिंसामा परेका पीडितलाई लैङ्गिक हिंसा कोषबाट नगरपालिकाले बनाएको कार्यविधि अनुसार सहयोग गरिने छ ।
- महिला उद्यमीहरुलाई सरल ऋण र अनुदान उपलब्ध गराई स्व –रोजगार तर्फ प्रेरित गराइनेछ ।
- लैङ्गिक हिंसामा परेका पीडितहरुलाई तत्काल उद्धार गर्न सेफ हाउसको निर्माण गरिनेछ ।

Scanned with CamScanner

- घरेलु तथा कृषी कार्यमा संलग्न आमाहरुलाई सम्मान गरिनेछ ।
- एकल महिला , दलित महिला,अपाङ्गता भएका उद्यमी महिलाहरुलाई व्यवसाय करमा ५० प्रतिशत छुट दिइनेछ ।
- नगरभित्रका लोपोन्मुख सिमान्तकृत र अल्पसंख्यक समुदायको वस्तुगत विवरण तयार गर्न वडागत तथ्याङक संकलन गरिने छ ।
- लोपोन्मुख, सिमान्तकृत र अल्पसंख्यक समुदायको उत्थानको लागि आवश्यकताको आधारमा विशेष कार्यक्रम संचालन गरिने छ ।

**आदिवासी जनजाति**

- आदिवासी जनजातीहरुको भेषभुषा संरक्षण गर्दै लैजाने कार्यलाई अगाडी वढाइने छ ।
- पिछडिएका आदिवासी जनजातिहरुलाई सशक्तीकरण गर्न विशेष कार्यक्रम ल्याइनेछ ।
- अल्पसंख्यक मुस्लिम, कुमाल, माझि, बोटे, दरै, कुसुण्डा समुदायको उत्थानको लागि विशेष कार्यक्रम लागू गरिने छ ।

**अशक्त /अपांग क्षेत्र**

- हरेक भौतिक पूर्वाधार निर्माण गर्दा अपाङ्गमैत्री बनाउने नीति लिइनेछ ।
- अपाङ्ग परिचयपत्रलाई डिजिटल प्रविधिको वनाइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकासका लागि कार्यक्रम वनाई लागू गरिने छ ।
- अपाङ्गहरुले अध्ययन गर्ने विद्यालयहरुको भौतिक पूर्वाधार विकासमा प्राथमिता दिइने छ ।
- स्थानीय तहले प्रवाह गर्ने सेवा सुविधा अन्तर्गत अपाङ्ग भएका व्यक्तिहरुलाई न.पाको सिफारिसहरुमा लाग्ने सम्पूर्ण दस्तुर छुट दिईने छ ।

**किशोरी विशेष कार्यक्रम :**

- गोरखा नगरपालिकाका विद्यालय उमेर समूहका र विद्यालय विमूख किशोरीहरुका लागि जिवन उपयोगी शिक्षा विशेष कार्यक्रम सञ्चालन गरिने छ ।
- नगर क्षेत्र भित्रका सवै विद्यालयका किशोरीहरुका लागि सेनेटरि प्याडको व्यवस्थापनका लागि प्याड निर्माण तालिम तथा आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिने छ ।

## आर्थिक विकास नीति

**कृषि तथा पशुपक्षी विकास**

Scanned with CamScanner

- **"आर्थिक समृद्धिको पहिलो आधार व्यवसायिक कृषि"** भन्ने मूल नाराका साथ नगरपालिका क्षेत्रको सम्भाव्यताको अध्ययन गरी कृषि उत्पादनमा व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकीकरण तथा वजारीकरणमा विशेष जोड दिदै सामूहिक खेती प्रणाली, सामूहिक पशुपालन जस्ता क्षेत्रलाई आत्मनिर्भर र मर्यादित वनाउने नीति अवलम्वन गरिने छ ।
- **खाद्य विविधता आजको आवश्यकता, रोग प्रतिरोधि क्षमता अभिवृद्धि कृषि उत्पादनको निर्भरता** भन्ने मान्यतालाई आत्मसाथ गर्दै हाल भोगि राखेको र भविश्यमा आईपर्न सक्ने यस्ता महामारिवाट वच्नको लागि कार्यक्रम अगाडी वढाइने छ ।
- **स्थानीय रैथाने उत्पादनलाई** प्राङ्गारिक तरिकावाट उत्पादन गरि खाद्य तथा पोषण सुधारमा सहयोग गर्ने कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।
- उत्पादित वस्तुहरुको व्यवस्थापनको लागि मूल्य श्रृखलामा आधारित उत्पादन प्रविधिको अवलम्वन गरिने छ ।
- वस्ती, वडा तथा पालीका स्तरीय मूल्य श्रृखलाका गतिविधिहरुमा जोड दिई वाह्य क्षेत्रवाट आयत गर्दा हुन सक्ने सक्रमणको न्यूनिकरणका लागि समुदाय स्तरमा छोटो मूल्य श्रृखला चक्रलाई अवलम्वन गरिने छ।
- विभिन्न प्राविधिक विद्यालयहरुलाई कृषि तथा पशुपंक्षीको क्षेत्रमा कार्यगर्ने सवल वातावरण सृजना गराउदै, प्राविधिक विद्यार्थीहरुको On the spot पठन पाठनको व्यवस्था गरि किसानको खेर गएको जग्गामा प्रयोगात्मक कक्षाहरु संचालन गरिने छ।
- सवै वडाहरुमा कृषि उपज संकलन केन्द्र स्थापना गरि खाद्य तथा पोषण सम्वन्धी जानकारी लिनको लागि वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन गरि पोषण तथा स्वास्थ्य सम्वन्धी क्रियाकलापहरुलाई उत्पादन संग समन्वय गरि अगाडी वढाइने छ ।
- कृषक पाठशाला मार्फत पालीका क्षेत्रमा रहेका वाझो जग्गाको व्यवस्थापन गरिने छ। जसको लागि नगर पालीका क्षेत्र भित्र उपलव्ध हुन सक्ने वाझो तर कृषि उत्पादनको लागि सम्भाव्य जग्गाको विवरण तथा प्रयोग सम्वन्धी अध्ययन तथा कार्यान्वयनको लागि नगरपालीकामा एक समिति गठन गरि व्यवस्थापन कार्य प्रारम्भ गरिने छ ।
- विभिन्न उपभोग्य वस्तुहरुमा आत्मनिर्भर वन्न कृषि उत्पादन पकेट क्षेत्रहरु निर्धारण र विकास गरिने छ ।

Scanned with CamScanner

- सामुहिक तथा सहकारी खेतीलाई प्रोत्साहित गर्न कृषिसामाग्री, मल, विउ जस्ता आवश्यक वस्तुहरुमा विशेष अनुदानको व्यवस्था गरिने छ ।
- जिल्लामा उत्पादित विभिन्न रैथाने तथा पोषिला जातका बालिहरुको पहिचान गरि कोरोनावाट हाल सृजित प्रतिकुल परिस्थितिवाट नगरवासीको खाद्य आपूर्तिमा सहजताका लागि यस्ता बालीहरुको तत्काल उत्पादन कार्य प्रारम्भ गरिने छ।
- व्यवसायिक कृषि उत्पादनलाई व्यवस्थित गर्न स्थानीय कृषकहरु मध्येवाट सक्रिय कृषकहरुको छनोट गरि सम्बन्धित विषयमा आधारभूत ज्ञान दिनकालागि सेवाकालीन तालिमको व्यवस्था गरिने छ ।
- कृषि तथा पशु विमा कार्यक्रमलाई प्रवावकारी कार्यन्वयन गर्न आवश्यक योजना तय गरी लागु गरिने छ ।
- नगरपालीकामा कृषि कार्यक्रमलाई प्रभावकारी एंव दिगो रुपमा संचालनका लागि कृषकहरुका लागि आवश्यक पर्ने कृषि समाग्री तथा औजार व्यवस्थापनका लागि कृषि भौचर प्रणाली लागू गरिने छ र यसका लागि नगर क्षेत्रभित्र रहेका एग्रो भेट तथा कृषि सामाग्री आपूर्ति गर्ने संस्था वा निकायहरुलाई कृषकहरु संग समन्वय गराइने छ ।
- प्रत्येक वडामा रासायनिक मल वितरण सहकारी संस्थाहरु मार्फत सहज रुपमा वितरणको व्यवस्था मिलाईने छ । सकरभर स्थानीय स्तरमा नै उत्पादित जैविक वस्तुहरुको प्रयोग गरि प्राङगारीक उत्पादनलाई जोड दिइने छ ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनालाई प्रभावकारी कार्यन्वयन गरिनेछ ।
- **"थोरै परिमाण, धेरै मूल्यवान "**कृषिवस्तु उत्पादन र वजार व्यवस्थापनमा विशेष जोड दिईने छ ।
- एक घर एक करेसा वारी अवधारणालाई प्रभावकारी तरिकावाट कार्यान्वयनमा ल्याई तरकारी उत्पादनवाट नगरपालिकालाई आत्मनिर्भर वनाइने छ ।
- प्लाष्टिक घर निर्माण,मिनि टिलर,प्लाष्टिक पोखरीको लागि प्लाष्टिक,प्लाष्टिक घरमा गरिने थोपा सिंचाई,फलफुल खेती गर्ने कृषकलाई ५० प्रतिशत अनुदान उपलव्ध गराइनेछ ।
- च्याउ खेती,कौषी खेतीमा प्रयोग हुने औजार उपकरण,विषादी छर्कने स्प्रेयर,आधुनिक मौरी घार,इलेक्टीक मेज कर्न मेसिन,प्लाष्टिक टनेल,मौरी पालनको लागि प्रयोग हुने घार वाहेकका सामाग्री,धान/मकैको रोग किरा नियन्त्रणको लागि राशायनीक

Scanned with CamScanner

विषादी,कुटानी पिसानी मिल,धान/मकैको बीऊ ७५ प्रतिशत अनुदानमा वितरण गरिनेछ ।

- धान र मकैको बीऊ उत्पादन कार्यक्रम सहकारीहरु मार्फत सञ्चालन गरिनेछ ।
- ७५ प्रतिशत अनुदानमा एक दिने कुखुराको चल्ला वितरण गर्ने कार्यक्रम अघि बढाइनेछ ।
- वंगुरको पाठा वितरण ५० प्रतिशत अनुदानमा दिने गरी व्यवस्था गरिनेछ ।
- वंगुर खोर सुधार,मासु पसल सुधार अनुदान,माछा पोखरी सहयोग अनुदान,एकल महिला तथा विपन्नका लागि वंगुर/वाखाको पाठी वितरण कार्यक्रम अगाडि बढाइनेछ ।
- व्याड वोका ५० प्रतिशत अनुदानमा वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- नपाका विभिन्न क्षेत्रमा पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- कृषकहरुलाई आवश्यक मल, बीउ वितरण र पशुको नश्ल सुधारमा अनुदानको व्यवस्था गरिने छ ।
- वास्तविक कृषकको पहिचान गर्न कृषक वर्गीकरण परिचय पत्र वितरण गरी अनुदान व्यवस्थित गरिने छ ।
- कौशी खेती, फलफूल नर्सरी, च्याउ खेती, माहुरी पालन आदि जस्ता कृषि उत्पादन कार्यहरुमा विशेष प्राथमिकता दिई कार्यक्रम अगाडि वढाइने छ ।
- दुग्ध उत्पादनका लागि विशेष नीति अवलम्वन गरी दुग्धजन्य उद्योगलाई प्रोत्साहित गरिने छ ।
- पशु जन्य उत्पादनको आयात प्रतिस्थापन गरी निर्यात प्रर्वद्धन गर्ने कार्यक्रम तर्फ अग्रसर गराइने छ ।
- परम्परागत पशुपालनलाई व्यवसाय उन्मुख वनाउदै गोठ सुधार तथा भकारो सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याइने छ।
- दुग्ध तथा मासुजन्य उत्पादनका लागि विशेष नीति अवलम्वन गरी यस्ता उद्योगहरु स्थापनाका लागि प्रोत्साहित गरिने छ ।
- व्यवसायिक गाई/भैसी पालन कार्यमा प्रोत्साहन गर्नका लागि खरिदमा ढुवानी अनुदानको व्यवस्था गरिएको छ।
- नगरपालिका क्षेत्रमा वाखापालन पकेट क्षेत्र निर्माण गर्नका लागि कृषकहरुलाई वाखा फार्म सुदृढीकरण कार्यक्रम सञ्चालन गरिने छ।

Scanned with CamScanner

- खाद्य सुरक्षा तथा पोषण सुधारका लागि प्रजनन उमेर समुहका महिलाहरु (१५ देखि ४९ वर्ष सम्म) लाई खाद्य विविधता तथा शुक्ष्म पोषक तत्वको वारेमा जानकारी दिलाउन पोषण पाठशाला संचालन गरिने छ ।
- सम्भाव्य र उपयुक्त स्थानमा हाट बजारको व्यवस्थापन गरिने छ ।

रोजगार सेवा केन्द्र

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।
- वेरोजगारहरुको सूचीमा सूचिकृत भएका नगर भित्रका वेरोजगार व्यक्तिहरुलाई विकास निर्माणको कार्यमा रोजगारी उपलब्ध गराइने छ ।
- विद्यालय भवन, सार्वजनिक पुस्तकालय, शौचालय, खानेपानी, खेल मैदान, पर्खाल निर्माण तथा मर्मत सम्भार गरिने छ ।
- स्वास्थ्य संस्था जोड्ने सडक र सडकको नाला निर्माण तथा मर्मत सम्भार गरिने छ ।

## सहकारी विकास

- "एक सहकारी, एक नमूना उत्पादन" भन्ने नारालाई आत्मसाथ गर्दै सार्वजनिक, निजी र सहकारीको तीन खम्वे अर्थ नीतिलाई कार्यन्वयनमा विशेष जोड दिइने छ ।
- नगरभित्र स्थापना भएका सहकारी संस्थाहरुको वार्षिक रुपमा समीक्षा गरी अवस्था विश्लेषण, संस्थागत विकास, पूर्वाधार निर्माण र व्यवसायिक विकासमा जोड गरिने छ ।
- कृषि उत्पादन र वजारीकरणमा सहकारीहरुलाई प्रोत्साहनको लागि विशेष अनुदानको व्यवस्था मिलाइने छ ।
- सहकारी संस्थाहरुको व्यवस्थापन र सञ्चालनको लागि सहकारी प्रशिक्षक उत्पादन गर्न प्रशिक्षक प्रशिक्षण तालिमको व्यवस्था मिलाईने छ ।
- एक वडा एक विषयगत सहकारी स्थापना गरी प्रत्येक वडामा विषयगत सहकारीहरुको एकीकरणको नीति अवलम्वन गरिने छ ।
- सहकारी मार्फत वृहत कृषि फर्म तथा कृषिमा आधारित उद्योग सञ्चालनका लागि प्रोत्साहन दिइने छ ।
- सहकारी मार्फत लघु कर्जा लगानीको लागि वित्तीय संस्था तथा बैंकहरुमा समन्वय गर्ने नीति लिइने छ ।
- सहकारीको नाममा नाफा मूलक व्यापार गर्ने सहकारीहरुलाई आवश्यक कारवाही गरिने छ ।

Scanned with CamScanner

**औद्योगिक क्षेत्र**

- गरिबीको रेखामुनि रहेका पूर्ण बेरोजगारलाई तालिमको माध्यमबाट उद्यमशीलताको विकास गराइ उद्यमी बनाइने छ ।
- युवा लघु उद्यमी कोष मार्फत सरल ऋण र अनुदान उपलब्ध गराई स्वरोजगार तर्फ प्रेरित गरिने छ ।
- निजी क्षेत्रबाट गरिने लगानीमा सुरक्षाको प्रत्याभूति गराउदै निकट भविष्यमा लगानी सम्मेलनको आयोजना गरिने छ ।

**पूर्वाधार विकास**

- गोरखा नगरपालिकामा सबै गाउँ, बस्ती तथा टोलहरुलाई सडक सञ्जालमा जोडिने गरी कच्ची, ग्राबेल तथा पक्की सडकहरु निर्माण कार्य भइरहेको छ । यो वर्ष गोरखा नगरबासीलाई रणनैतिक रुपले सडक आवागमनले जोड्नका लागि पर्यटकीय, व्यापारिक र सुरक्षा कवचका दृष्टिले महत्वपूर्ण कच्ची सडकहरुको स्तरोन्नति, ग्राबेल र पिच गर्ने तथा चक्रपथ निर्माण कार्यलाई जोड दिइनेछ । त्यसैगरी नयाँ सडक योजनाहरुको सूचीकृत गरी निर्माण कार्यलाई अगाडि बढाइनेछ । बडाका सडकहरुलाई वाह्रै महिना सवारी साधन चल्ने सडकको रुपमा विकास गरिनेछ । कृषि सडकलाई स्तरोन्नति गरिनेछ । हरित र वातावरण मैत्री सडक निर्माणलाई प्रोत्साहित गरिनेछ ।
- निर्माण शुरु भइसकेका सार्वजनिक भवन तथा सामुदायिक भवनहरु सम्पन्न गर्ने नीति लिइनेछ । विद्यालय तथा अन्य सार्वजनिक भवनहरुको मर्मत सम्भार गरिनेछ ।
- निर्माण कार्यको गुणस्तरमा सुनिश्चितता गर्न गुणस्तर चेकजाँच गर्ने प्रयोगशाला (Quality Testing Lab) स्थापना गर्ने नीति लिईएको छ ।
- नगर क्षेत्र भित्र निर्माण हुने भवन तथा अन्य संरचनाहरुलाई भूकम्पीय दृष्टिकोणले सुरक्षित बनाउन सबै नगरवासीलाई थप सुसुचित बनाउने कार्यलाई अगाडी बढाइने छ ।
- बडा कार्यालय तथा स्वास्थ्य संस्थाका भवन निर्माण तथा सामुदायिक स्वास्थ्य संस्थाहरुको स्तरोन्नति कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइने छ ।
- सरकारी जग्गा, भवन तथा अन्य निर्मित संरचनाहरुको अभिलेख तयार गरी संरक्षण र उपयोग गर्ने नीति लिईएको छ ।

Scanned with CamScanner

- उपभोक्ता समिति मार्फत संचालन हुने पूर्वाधार तर्फका योजनाहरु मध्ये पाँच लाख भन्दा माथिका योजनाहरुको हकमा सोहि योजना मर्मत संभार गर्ने प्रयोजनको लागी विनियोजित बजेटबाट ५% ले हुन आउने रकम कटाई मर्मत संभार कोषमा राख्ने नीति लिईने छ ।
- ऐतिहासिक धरोहरको रुपमा निर्माण भइरहेको गोरखा गेटलाई पर्यटनको आरम्भको रुपमा स्थापित गराई पर्यटन प्रवर्द्धनमा सूचना प्रविधि केन्द्रित बनाई अगाडी बढाईने छ ।
- युवा लक्षित खेलकुद कार्यक्रमलाई प्रवर्द्धन गर्नका लागी छेवेटार खेलकुद मैदान,हरमटारी खेल मैदान,दशकिलो खेल मैदान,लक्ष्मि बजार खेल मैदानको भौतिक पूर्वाधारलाई थप व्यवस्थित गरिने छ ।

## खानेपानी तथा सरसफाई

- नगरको विकासको लागि लिएको खानेपानी तथा सरसफाइको लागि *"एक घर- एक धारा"* कार्यक्रमले खानेपानीको सहज व्यवस्थापन हुदै गएको छ । आगामी वर्षमा पनि यो कार्यक्रमलाई निरन्तरता दिइनेछ । त्यसैगरी निर्माणाधीन लिफ्टिङ खानेपानी आयोजनाहरु पूरा गरिनेछ ।
- लिफ्ट खानेपानी योजनाहरुलाई उच्च प्राथमिकतामा राखी पानीको पहुँच भन्दा बाहिर रहेका वस्तीहरुमा खानेपानीको सहज व्यवस्था गरिने छ ।
- चालु खानेपानी योजनाहरुको मर्मत सुधार तथा व्यवस्थापनको कार्यलाई निरन्तरता दिइने छ ।
- पूर्ण सरसफाईयुक्त नगर निर्माण गर्न आम नागरिकको सहभागितामा सरसफाई कार्यक्रम लागू गरिने छ
- नगरपालिकाभित्र रहेको खानेपानी संस्थालाई आम उपभोक्ताको पहुँचमा ल्याइने छ ।
- नगर क्षेत्रमा रहेको मुल धाराहरुको पानी परिक्षण गरि शुद्ध पानीको व्यवस्था गरिने छ ।
- आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण कार्यलाई निरन्तरता दिइने छ ।
- नगरपालिका कार्यालय परिसरमा सुन्य फोहोरमैला (zero waste) नमुना सरसफाई केन्द्र निर्माण गरिने छ
- नदि र खोलाको संरक्षण गरि सबै खाले प्रदूषण नियन्त्रण गरि पर्यावरण सन्तुलन मार्फत सफा सहर र हारियाली सहरको रुपमा नगरलाई विकास गरिदै लगिने छ ।
- **हाम्रो नगर, राम्रो नगर**को सोचलाई पुरा गर्न नगरपालिका भित्रको फोहोरा मैला व्यस्थापनलाई कुहिने,नकुहिने र शिसा जन्य फोहोर वर्ग्रीकरणको काम तत्कालै सुरु गरि

Scanned with CamScanner

सफा नगर अभियान सफल पर्न टोल तथा वडा स्तरमा सरसफाई कार्यक्रम संचालन गरि सफा नगर घोषणा अभियानको लागि थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।

- एक घर एक सचेतना कार्यक्रम मार्फत नगरको फोहोर मैला व्यवस्थापनको प्रभावकारी रुपमा जनचेतना मुलक कार्यक्रम संचालन गरि समुदाय स्तरमा जिम्मेवारी दीईने ।
- डम्पिङ साईटको रुपमा रहेको नगरपालिकाको फोहोर मैला व्यवस्थापन कार्यलाई परिवर्तन गरि वडा नं ८ मा सरसफाई केन्द्रको रुपमा विकास गरिने छ ।
- संघीय तथा प्रादेशिक खानेपानी कार्यालयसँगको समन्वयमा ल्यावको स्थापनामा जोड दिइनेछ ।
- लिफ्टिङ खानेपानी आयोजना सञ्चालन भएका साना स्तरका आयोजना(१०० धारा सम्म भएका) मा विद्युत शुल्क मासिक रुपमा रु ५,०००। उपलब्ध गराइनेछ ।
- फोहोरमैला संकलन र व्यवस्थापन यहि आ.व. देखि नीजि क्षेत्रसँगको साझेदारीमा व्यवस्था गरिनेछ ।
- यही आ.व.बाट स्वीकृत ढल व्यवस्थापन कार्यलाई कार्यान्वयन चरणमा लगिनेछ ।
- नगर क्षेत्रभित्र रहेको कार्यालयहरु, विद्यालय , स्वस्थ्य संस्था कार्यालयहरु लाई वातवरणमैत्री बनाउन सहजीकरण र समन्वय गरि फलफुल र फुलको बगैचा सहितको हरियाली कार्यालय परिसरको रुपमा परिवर्तन गर्न प्रोत्साहन गरिने छ ।

## विद्युत तथा उर्जा विकास तर्फ

- पर्यटकीय स्थल तथा पार्कहरुमा सौर्य बत्ति जडान कार्यलाई निरन्तरता दिईनेछ ।

## निमार्ण सेवा तर्फ

- नेपाल सरकारको कम्पनी ऐन अनुरुप निर्माण सेवाहरु दर्ता, नवीकरण र सञ्चालन गर्ने नीति निर्माण गरिने छ ।
- नगरपालिका क्षेत्रभित्र ठुला, मझौला र साना भौतिक पूर्वाधार निर्माण कार्य सञ्चालन गर्ने कम्पनी वा फर्मले नगर पालिकाबाट अनुमति लिनु पर्ने व्यवस्था लागू गरिने छ ।

## पर्यटन, वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ

पर्यटन विकास

- "सुन्दर गोरखा समृद्ध सहर,आम नगरवासीको यहि छ रहर" भन्ने मूल नाराका साथ पर्यटन प्रवर्द्धन गर्न सम्बन्ध निकायहरु संग छलफल गरि एकिकृत पर्यटन विकास गुरु योजना तयार गरि पर्यटन विकास गरिने छ ।

Scanned with CamScanner


- गोरखा दरबार र गोरखा संग्रहलयलाई केन्द्र बनाएर रानीपोखरी, भीमसेन थापा पार्क विन्ध्यवासिनी मन्दिर, पस्चिम्काली मन्दिर, ताप्लेकोट, गौरीशंकर मन्दिर र भुत्याहा छाँगो, राधावल्ल वेश्न्र मन्दिर, सरस्वती आश्रम, विरिमकाली मन्दिर, अकला मन्दिर, शिखरवेसी ताल बुढीकोटी मन्दिर, विसे नगर्ची पार्क, रामशाह पार्क, स्टोन पार्क, गोरखनाथ पार्क, विरेडाँडा, अकला मन्दिर र महादेव टारी मन्दिरको आवश्यक योजना तयार गरि पूर्वाधार विकास गरिने छ ।
- रानीवन क्षेत्र वज्र भैरव सामुदायिक क्षेत्रबाट साहासिक खेल प्याराग्लाइडिङ खेलको सुरुवात गर्ने गरी तयारी अगाडि वढाइनेछ ।
- दरौदी नदीमा सन्चालन हुदै आएको साहसिक खेल र्याफ्टिङ खेललाई निरन्तरता दिईने छ ।
- गोरखा नगरको सहरी शुन्दरतालाई र पर्यटन विकासको लागी निर्माण गरिएको पार्क लगायत पर्यटकीय क्षेत्रहरुको विकास गरि हरेक वडामा कम्तिमा एक वडा एक पार्कको अभियानलाई अगाडी वढाइने छ ।
- मनसुन जन्य प्रकोपवाट पूर्ण क्षेती भएका घरहरुको पुननिर्माण शुरु गरी सुरक्षित आवासमा वस्ने व्यवस्था मिलाइनेछ । यसै वर्ष १७ वटा घर निर्माण प्रक्रिया आरम्भ गरी पूर्णता दिइनेछ ।
- आन्तरिक तथा वाह्य पर्यटकको लागि उपयुक्त हुने गरि पस्लांङ होमस्टे र विरेन्चोक होमस्टेको लागी आवश्यक क्षमता विकास एव संचालनको लागि स्थानीय समुदायलाई सहयोग गरिने छ ।
- ठुलो आँगन देखि पश्चिम काली ,चिल्ड्रेन पार्क,सतिपिपल,विन्ध्यवासिनी मन्दिर,भीमसेन थापा पार्क,उपल्लो कोट, रानीवन ,सरस्वती आश्रम,वराह धारा हुँदै ठुलो आगन सम्म पद मार्गको विकास गरिने छ ।
- गन्तव्य गोरखा भन्ने मूल मान्यता अनुसार विभिन्न प्रकारका तालिम सञ्चालन,समिति गठन एवं भौतिक पूर्वाधारको विकास गर्दै धेरै भन्दा धेरै पर्यटक गोरखा भित्र्याउन तथा गोरखा वसाइ लम्व्याउन गोरखा, सौराहा, लुम्विनी, पोखरा र ठमेल वीच पर्यटन सञ्जाल गठन गरी आन्तरिक र वाह्य पर्यटक गोरखा ल्याउन **घरवास पर्यटन** विशेष कार्यक्रम सञ्चालनमा निरन्तरता दिइनेछ ।

विपद व्यवस्थापन

कृषी तथा पशुपालनमा भएको क्षतीको मूल्याङन गरी प्राविधिकको सिफारिसका आधारमा राहात उपलव्ध गराइनेछ ।

Scanned with CamScanner

- नगरमा हुने विपद भूकम्प,आगलागी, बाढी, पहिरो, चटयाङ, कोरोना जस्तो रोग व्यादी जस्तै दैवीप्रकोप, दुर्घटना आदिको लागि विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी तत्काल उद्दार गरिने छ ।
- नगर स्तरीय विपद पुर्व तयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्यन गरिने छ ।
- विपद पुर्व तयारीका लागि समुदायको क्षमता विकास संबन्धी कार्यक्रम संचालन गरिनेछ ।
- प्रकोपका कारणले ज्यान गुमाएका परिवारलाई रु २५,०००। र घर क्षतीग्रस्त भएका परिवारलाई तत्काल रु १५,०००। उपलब्ध गराईने छ ।



Scanned with CamScanner

बन तथा वातावरण

- बन क्षेत्रभित्र हुने चोरी शिकारी रोकी वन्यजन्तुको संरक्षण गरिने छ र बन डढेलो,बन अतिक्रमण र काठ चोरीलाई नियन्त्रण गर्ने नीतिलाई प्रभावकारी बनाउन वन उपभोक्ता समूहलाइ जिम्मेवार बनाइने छ ।
- बन,पैदावार,वनजंगल र वृक्षारोपण सम्वन्धित कार्य योजना निर्माण गरि कार्य गरिने छ ।
- नगर क्षेत्रभित्रका सार्वजनिक जग्गाहरुको वढ्दो अतिक्रमण रोकी फलफूलको विरुवा रोप्नी कार्य गरिने छ
- वनको क्षेत्रमा बाटो, विद्युत निर्माण गर्दा वन समितिसँग आवश्यक समन्वय गरिने छ ।

बजार व्यवस्थापन तथा ढल निकास

- बजार क्षेत्रभित्र रहेका सबै सडकहरुको स्तरोन्नति गरी आवागमनमा सहजता पैदा गरिने छ ।
- बस्ती विकासका लागि बजार क्षेत्रहरुमा मापदण्ड अनुसारका भवन संरचना निर्माण गरी व्यवस्थित शहर बनाइने छ ।
- नगर क्षेत्रभित्र सार्वजनिक जग्गाहरुको वढ्दो अतिक्रमण गर्ने कार्यलाई नियन्त्रण गरिने छ ।
- बजारलाई सुन्दर र सफा राख्न बजार क्षेत्रभित्रको ढल निकासको कार्यलाई व्यवस्थित रुपले सञ्चालन गरिने छ
- बजारभित्र रहेका उपभोग्य व्यापार सेवाको लागि विषयगत क्षेत्र निर्धारण गरिने छ ।
- उपभोग्य वस्तुहरुको विक्री वितरण कार्यको लागि नियमित अनुगमन गरिने छ र अखाद्य तथा समय नाघेका खाद्यबस्तुको विक्री वितरण कार्य वन्द गरिने छ । साथै कृतिम अभाव सिर्जना गर्ने व्यापारीलाई कारवाहीको दायरामा ल्याइने छ ।


## सुशासन र संस्थागत विकास नीति

शान्ति, सुरक्षा र सुशासन :

- नगरको बजार क्षेत्रमा सुरक्षा संवेदनशीलता ध्यान दिदै मुख्य सडक तथा बजार क्षेत्रमा समुदायसँगको साझेदारीमा सि.सि. टी.भी. जडान कार्य गरिएको र यसलाई थप विस्तार गरिनेछ ।
- न्यायमा सहज पहुँच सुनिश्चतताका लागि न्यायिक समितिलाई बलियो बनाउनुका साथै क्षमता विकासका कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ ।

Scanned with CamScanner

- नगरपालिकाबाट प्रवाह गरिने कार्यक्रमहरुमा सुशासनको प्रत्याभूति कायम गर्न भ्रष्टचार विरुद्धको शुन्य सहनशीलताको नीतिलाई कार्यान्वयन गरी सदाचार प्रवर्द्धन गरिनेछ ।दैनिक सेवालाई झन्झटमुक्त, सरल र छिटोछरितो वनाउन नगरपालिकाले विशेष पहल गर्ने छ ।
- कर्मचारीहरुमा उच्च मनोवल र जिम्मेवारीका साथ समयमा नै काम गर्ने र उत्कृष्ट नतिजा दिने कार्य सँस्कृतिको विकास गर्न तथा सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, सेवाग्राहीमैत्री वनाउन कर्मचारीहरुलाई विशेष प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ ।
- परिवर्तनलाई संस्थागत र व्यवहारिक गराउनको लागि आम नागरिकलाई स्थानीय सरकारसँग प्रत्यक्ष जोड्न प्रयत्न गरिने छ ।
- नगरस्तरिय अनुगमन समितिलाई थप क्रियाशित वनाई नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण गतिविधिहरुको अनुगमन कार्यलाई व्यवस्थित गरिने छ ।
- सामाजिक न्याय प्रवर्द्धनका लागि विकासका प्रतिफलको न्यायोचित वितरण गर्ने प्रणालीको विकास गरिने छ ।
- संघीय तथा प्रदेश सरकारले घोषणा गरे अनुसार नगरपालिकाका कर्मचारीहरुका लागि निश्चित मापदण्डको आधारमा पर्यटन काजको व्यवस्था गरिनेछ ।
- सामुदायिक तथा नीजि एफ.एम रेडियोहरुको उठेको विद्युत महशुलमा बीलका आधारमा ५० प्रतिशत अनुदान दिने व्यवस्था गरिनेछ ।
- स्थानीय स्तरमा प्रकाशित दैनिक छापा माध्यमहरुका लागि स्थानीय लोक कल्याणकारी अनुदानका रुपमा एकमुष्ठ वार्षिक रु एक लाखको दिने नीति वनाइनेछ ।
- संविधानमा उल्लेखित सवै संवैधानिक व्यवस्थाहरु, प्रदेश कानून र स्थानीय तह सञ्चालनका लागि वनेका कानून तथा कार्यविधिहरु अनुकूल रही कार्यक्रमहरु गरिने छ ।
- न.पाको स्वामित्वमा रहेका सवै सम्पत्तिहरुको व्यवस्थापन र संरक्षणका लागि जिन्सीको सफ्टवेयर लगान गरिने छ ।





Scanned with CamScanner

**न्याय सम्पादन**

- न्यायिक सेवालाई नगरबाट सहज रुपमा प्रवाह गर्न मेलमिलाप तथा फैसला सम्बन्धी सुविधा नियमित प्रदान गरिने छ ।
- मेलमिलाप पद्दतिबाट न्याय सम्पादनमा विशेष जोड दिइने छ ।
- विपन्न दलित जेष्ठ नागरिक महिला तथा बालबालिकालाई विशेष प्राथमिकता दिदैं हिंसामा परेका विवादका पक्षहरुलाई लैंगिक हिंसा कोषबाट आर्थिक सहायता प्रदान गरिने छ ।
- न्यायिक समितिमा परेका उजुरीहरुलाई अनुगमन गरी न्याय सम्पादनमा सहज र सरल तरिकाले कार्यान्वयन गरिने छ ।
- मेलमिलापकर्ताहरुको क्षमता विकास गर्दै लगिने छ ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्रको स्थापना गरिनेछ ।

**सूचना प्रविधि तथा सञ्चार तर्फः**

- नगरमा सूचना प्रवाह छिटो छरितो र पारदर्शी तरिकाले गरिने छ साथै नगरलाई सूचना प्रविधि मैत्री बनाइने छ
- न.पाको वेभसाइटमा SSL Certification को कार्य गरी सेक्युरिटी थप गरिने छ ।
- नगरमा नगरवासीहरुको तथा आन्तरिक वाह्य पर्यटकको सहजताका लागि सार्वजनिक स्थलमा फ्री वाईफाई जडान कार्यलाई निरन्तरता दिईने छ ।
- नागरिकहरुमा जनचेतना अभिवृद्धि गर्न स्थानीय सञ्चार माध्यमहरुसंग सहकार्य गरी अघि बढ्ने नीति लिइएको छ ।
- नगरका विभिन्न ठाउँमा श्रव्य दृश्यसँग सम्बन्धित तथा अन्य सूचना प्रविधिमैत्री कार्यहरु गरिने छ ।
- नागरिकहरुमा जनचेतना अभिवृद्धि गर्न स्थानीय सञ्चार माध्यमहरु संग सहकार्य गरी अघि बढ्ने नीति लिइएको छ ।

**पारदर्शिता तथा जवाफदेहिताः**

- नगरपालिका कार्यालय तथा वडा कार्यालयहरु एवं स्वास्थ्य चौकीहरुको व्यवस्थित सञ्चालनका लागि आवश्यक श्रोत, साधनको विनियोजन गरी अघि बढिनेछ ।
- जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता विकासमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- सेवा प्रवाहको मापदण्ड स्पष्ट गरी कार्यहरु व्यवस्थापन गरिने छ ।
- सार्वजनिक सुनुवाई तथा लेखा परीक्षण कार्यलाई अनिवार्य शर्तको रुपमा सबै योजना तथा कार्यक्रमहरुमा समावेश गरिने छ ।

Scanned with CamScanner


राजस्व तर्फः

- **"नगरवासीको कर नगरवासीको योजनामा "**भन्ने नीति अवलम्वन गरिनेछ ।
- अनिवार्य कर शिक्षाको नीति ल्याइनेछ ।
- गोरखा नगरपालिकाको राजश्व सुधार समयानुकुल गरिनेछ ।
- राजश्व परामर्श समितिका पदाधिकारीहरु,वडा सचिवहरु तथा नगरपालिकाका कर्मचारीहरुका लागि राजश्व सम्वन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- राजश्व परिचालनको लागि वडा कार्यालय तथा राजश्व शाखाको सस्थागत विकास गरिनेछ ।
- उद्योग वाणिज्य संघ,चेम्वर अफ कमर्शसँगको समन्वयमा राजश्वको दायरामा वढोत्तरी गर्नको लागि राजश्व संकलनमा नीजि क्षेत्रको योगदान भन्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

अन्तमा, यस गरिमामय आठौ नगरसभामा उपस्थित हुनुभई कार्यक्रम सफल पार्नको लागि सहयोग पुर्‍याउनु हुने सम्पुर्ण सभाका सदस्यज्यूहरु प्रति म हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

नगरपालिकाले तयार गरेको नीति तथा कार्यक्रम सफल कार्यन्वयनको लागि यहाँहरुको रचनात्मक सुझाव तथा सल्लाहको सदा अपेक्षा गर्दै म मेरो नीति तथा कार्यक्रमको प्रस्तुती अन्त गर्न चाहन्छु ।

धन्यवाद



Scanned with CamScanner

निर्णय नं. ३

प्रस्ताव नं. ३ उपर छलफल गर्दा, यस नगरपालिकाका नगर-उपप्रमुखज्यूले नगरसभामा पेश गर्नुहुने आ.व. २०७८/०७९ को तपसिलको वजेट वक्तव्य स्वीकृत गरी आठौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

तपसिलः-

**सभाअध्यक्ष ज्यू,**
**नगर सभाका सदस्य ज्यूहरू**

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ अनुसार गोरखा नगरपालिकाको नगर उपप्रमुख एवम् नगरसभा सदस्यको तर्फबाट यस सम्मानित नगर सभा समक्ष आगामी आर्थिक वर्ष २०७८/७९ को योजना, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउदा अत्यन्त गौरवान्वीत महसुश गरेको छु।

आजको यस महत्वपूर्ण अवसरमा राजनीतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । त्यसै गरी राष्ट्रियता, स्वाधिनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि सङ्घर्ष गर्नु हुने नेपाली नागरिक र त्यसको सबल एवम् सक्षम नेतृत्व गर्नु हुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरूप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु।

मौलिक स्वरूपको राजनीतिक प्रणालीको स्थापना सँगै नगरपालिकाको सम्पूर्ण स्रोत र सामर्थ्यको सदुपयोग गरी विकास र समृद्धिको बाटोमा निरन्तर रूपमा अघि बढ्न ठूलो प्रेरणा मिलेको छ।

आगामी वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, यसै सभामा पेश गरी पारित भएको नगरपालिकाको नीति तथा कार्यक्रम, संघीय र प्रादेशिक सरकारका विनियोजन ऐन, २०७८, गोरखा नगरपालिकाको विनियोजन ऐन, २०७८ ले लिएका सिद्धान्त र प्राथमिकता, नेपाल सरकारको नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकासको लक्ष्य र विभिन्न क्षेत्रका महानुभावहरूले दिनु भएको सुझाव र सल्लाह, नगर सभाका सदस्यहरूले दिनु भएको सुझाव र सल्लाह तथा विभिन्न संघसस्था र नगर तथा अन्यत्र बसोबास गर्ने दाजु भाइ तथा दिदी बहिनीहरूबाट प्राप्त रचनात्मक सुझावहरूलाई समेत ध्यान दिएको छु।

बर्तमान अवस्थामा कोभिड १९ का कारण पर्न गएको गम्भीर स्वास्थ्य समस्यालाई ध्यान दिदै स्वास्थ्य प्रति सचेत हुँदै उपचारात्मक र प्रवर्धनात्मक कार्यमा लागि पर्दै सोही अनुसार बजेट विनियोजन गरी मानव स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखिएको छ । साथै गोरखा नगरपालिका सेवा प्रवाहमा सुशासन, जनसहभागिताका माध्यमबाट आर्थिक समृद्धि, शिक्षा, स्वास्थ्य, व्यावसायिक कृषि, पर्यटन र पूर्वाधारका क्षेत्रमा दिगो विकासका दीर्घकालीन दृष्टिकोण अनुरुप आर्थिक सामाजिक तथा सांस्कृतिक विकासको मौलिक ढाँचामा अघि बढिरहेको छ। सबै नगरवासीलाई मर्यादित काम, न्यूनतम खाद्य सुरक्षा, गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता, आधारभूत स्वास्थ्यमा पहुँच, घरघरमा स्वच्छ खानेपानी र सुरक्षित आवास जस्ता

Scanned with CamScanner

अत्यावश्यक आवश्यकताहरूको परिपूर्ति नै यो बजेटको मूलभूत मान्यता र उद्देश्यहरू रहेको छ ।

नगरको आर्थिक विकासको स्तर र विकासका लागि कानून तर्जुमा, भौतिक संरचनाको निर्माण र व्यवस्थापन, आन्तरिक श्रोतको परिचालन, उत्पादन र उत्पादकत्व वृद्धि, योजनाको प्राथमिकीकरण र कार्यान्वयन, सार्वजनिक निर्माणमा गुणस्तरियता र सुशासन प्रवर्धन, सीपयुक्त दक्ष जनशक्तिको अभाव हाम्रा प्रमुख चुनौति रहेको छ ।

**सभाअध्यक्ष ज्यू,**
**सभाका सदस्य ज्यूहरू**

अव म नगरको आर्थिक स्थितिको बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु ।

चालु आर्थिक वर्षको राजस्व परिचालन लक्ष्यको हाराहारीमा रही रु. ४ करोड ४२ लाख ९८ हजार ४ सय ७६ रुपैया ३४ पैसा पुगेको छ । गोरखा नगरपालिकालाई राजस्व र अनुदान तथा अन्य गरी संघिय सरकार, प्रदेश सरकार र नगरपालिकाको आन्तरिक श्रोत गरी जम्मा १ अर्ब ७ करोड ४८ लाख ४० हजार ५ सय ४५ रुपैयाँ मात्र प्राप्त भएकोमा सो बाट चालु तर्फ ५९.४९ प्रतिशत र पुँजीगत तर्फ ५२.४९ प्रतिशत खर्च भएको छ । चालु आ.व.को आषाढ मसान्त सम्म पुजीगत खर्च ८० प्रतिशत पुग्ने देखिन्छ । साथै आगामी आर्थिक बर्ष २०७८/७९ को लागि कुल बजेट १ अर्ब ५ करोड १ लाख २२ हजार ७ सय ३५ रुपैया रहेको व्यहोरा सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

**सभाअध्यक्ष ज्यू**
**सभाका सदस्य ज्यूहरू**

अव म आर्थिक वर्ष २०७८/७९ को बजेटका उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु ।

बजेटका उदेश्यहरु निम्नानुसार रहेका छन्-

क) विश्वव्यापी रुपमा देखा परेको कोभिड-१९ को महामारीबाट नगरबासीको जिवन रक्षा गर्न र जनजिवनलाइ सामान्यीकरण गर्नु ।

ख) संघीय संरचनाको बलियो आधार निर्माणका लागि स्थानिय सरकारको भूमिका थप प्रभावकारी बनाउनु ।

ग) नागरिकको मौलिक हकलाई स्वास्थ्य सँग एकाकार गर्दै मानव विकासका सूचकाङ्कका न्युनतम आधारभूत आवश्यकताहरू परिपूर्ति गर्दै विपन्नता र पछौटेपनको अन्त्य गर्न पहल गर्दै समावेशी तथा समुन्नत समाजको सिर्जना गर्ने ।

घ स्थानिय श्रोत र साधनको अधिकतम उपयोग गरी आर्थिक, सामाजिक र मानविय विकास गर्न आधार तय गर्ने,

ङ आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकासका साथै कृषि र पशुपालनलाई व्यवसायीकरण गर्दै सुदृढ र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने,

Scanned with CamScanner

च पर्यटन पुर्वाधार विकासको माध्यमबाट आन्तरिक र वाह्य पर्यटनको विकास गरी गन्तव्य गोरखालाई मुर्त रुप दिने,
छ नगरवासीलाई नगरपालिकाबाट प्रविधिमैत्री सेवा प्रवाह गर्ने उद्धेश्य रहेको छ ।

बजेटका प्राथमिकताहरुः-

क) कोरोना उपचार, नियन्त्रण र रोकथाम गरी नगरका सवै नागरिकलाई सुरक्षित वनाई रोकथामका लागि थप कार्य अधि वढाउने,
ख) स्वास्थ्य पूर्वाधारको विकास तथा विस्तार र दक्ष जनशक्तिको व्यवस्थापन गरी समग्र स्वास्थ्य क्षेत्रको सुदृढीकरण गर्ने,
ग) कृषि क्षेत्रको आधुनिकीकरण मार्फत उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै खाद्य सुरक्षाको प्रत्याभूति गर्ने,
घ) गुणस्तरीय भौतिक पूर्वाधारमा जोड दिदै अधुरा तथा क्रमागत आयोजनाहरुलाई सम्पन्न गर्ने । थप पूर्वाधारका नयाँ कार्यक्रम अगाडी वढाउने,
ङ) पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन गर्ने
च) गुणस्तरीय शिक्षाको विकास गर्ने,
छ) स्वच्छ खानेपानी तथा सरसफाईमा जोड दिने,
ज) सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी, सर्वसुलभ र प्रविधिमैत्री बनाई नागरिक पहुँच अभिवृद्धि गर्ने,
झ) संघीय सरकार र प्रदेश सरकारसँग समन्वय र सहाकार्यलाई जोड दिने ।

नगरपालिकाले प्रस्तुत बजेटका उद्देश्यहरू हासिल गर्न तथा प्राथमिकता कार्यान्वयन गर्न संघीय र प्रादेशिक सरकारसँग समन्वय र साझेदारी गर्ने छ । उपलब्ध पूँजी, प्रविधि, सीप र क्षमताको प्रभावकारी उपयोग गर्न सरकारी, सहकारी, गैर सरकारी संस्था एवं सामुदायिक संस्था तथा निजी क्षेत्रका व्यापारिक प्रतिष्ठानहरुसँग सहकार्य गरिने छ ।

अव म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

गोरखा नगरपालिकाका १४ वटै वडाहरूको न्यायोचित तथा समानुपातिक विकासका लागि प्रत्येक वडामा वडास्तरीय आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार लगायतका क्षेत्रहरूको

Scanned with CamScanner

विकासका लागि प्रति वडा न्युनतम ९० लाख हुने गरी वडागत योजनालाई उच्च प्राथमिकता दिइएको छ। जसबाट नगरका सबै वडाहरू सम विकासको स्तरमा पुग्ने अपेक्षा गरेको छु।

यसरी सबै वडाहरूलाई विनियोजन गरेको रू १२ करोड ६० लाख लाई पूर्वाधार विकास, शिक्षा युवा तथा खेलकूद, स्वास्थ्य, खानेपानी, वन वातावरण सरसफाइ तथा विपद व्यवस्थापन, सामाजिक विकास, पर्यटन, कृषि, पशु, सुशासन एवम् क्षमता विकास शिर्षकका योजनामा बजेट विनियोजन गरेको छु।

त्यसै गरी न्यायीक समिति तर्फ २० लाख ५० हजार, सहकारी तथा सुशासन तर्फ ४४ लाख,राजश्व सुधार तर्फ १० लाख ३० हजार, सुचना प्रविधि तर्फ २५ लाख ,कृषी तर्फ १ करोड ४१ लाख ९४ हजार, शिक्षा तर्फ १ करोड ९५ लाख ९० हजार, आयुर्वेद तर्फ १३ लाख, वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ १ करोड १९ लाख ५० हजार, सामाजिक विकास तर्फ १ करोड ७८ लाख ९६ हजार, स्वास्थ्य तर्फ १ करोड ३० लाख ५६ हजार, पूर्वाधार तथा नक्सा पासतर्फ ३३ लाख , पशु सेवा तर्फ ७० लाख ६२ हजार, रोजगार सेवा केन्द्र तर्फ ५ लाख गरी जम्मा ९ करोड ८८ लाख २८ हजार शाखागत रुपमा बजेट विनियोजन गरिएको छ।

**सभाअध्यक्ष ज्यू**
**नगरसभाका सदस्य ज्यूहरु**

**अब म आर्थिक बर्ष २०७८/७९ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु।**

१. **वडा स्तरीय कार्यक्रम तथा योजनाहरु**
२. **बिषयगत शाखा स्तरीय कार्यक्रम तथा योजनाहरु**
३. **नगर स्तरीय कार्यक्रम तथा योजनाहरु**
४. **सर्शत तर्फका कार्यक्रम तथा योजनाहरु**

- रोजगार प्रबर्धन कार्यक्रम तर्फ रु.६२ लाख
- सबैका लागि शिक्षा आधारभूत तह तर्फ रु.१४ करोड ३७ लाख
- माध्यामिक तह तर्फ रु.४ करोड ८५ लाख
- बिद्यालय क्षेत्र विकास कार्यक्रम जिल्ला स्तर तर्फ रु. ६ करोड ८२ लाख
- युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना तर्फ रु.५३ लाख
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग तर्फको कार्यक्रमको लागि रु.२१ लाख
- प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ रु.१० लाख
- कृषि विकास रणनिती अनुगमन तथा समन्वय कार्यक्रम तर्फ रु. ८ लाख

Scanned with CamScanner

- लघु उद्यम बिकास कार्यक्रम तर्फ रु.३० लाख
- राष्ट्रिय खेलकूद परिषद् तर्फ रु.१ लाख
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तर्फ रु.३५ लाख
- कृषि विभागको कार्यक्रम तर्फ रु.४८ लाख
- बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ रु.८ लाख
- पशु सेवा विभाग कार्यक्रम तर्फ रु.१९ लाख
- स्वास्थ्य व्यवस्थापन कार्यक्रम तर्फ रु. ४ लाख
- परिवार कल्याण कार्यक्रम तर्फ रु. ५० लाख
- राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र तर्फ रु.१ लाख
- क्षयरोग नियन्त्रण तर्फ रु.२ लाख
- आयुर्वेदिक सेवा कार्यक्रम तर्फ रु. ३६ लाख
- उपचारात्मक सेवा कार्यक्रम तर्फ रु.२० लाख
- नसिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम तर्फ रु.४६ लाख
- महामारी रोग नियन्त्रण कार्यक्रम तर्फ रु.३ लाख
- प्राथमिक स्वास्थ्य सेवा तर्फ रु.२ करोड ३८ लाख
- महिला बालबालिका तथा जेष्ठ नागरिक कार्यक्रम तर्फ रु. १ लाख
- आवास व्यवस्था कार्यक्रम तर्फ रु.१७ लाख
- संस्कृति प्रबर्धन कार्यक्रम तर्फ रु.१० लाख
- राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रम तर्फ रु.८ लाख
- झोलुङे पुल क्षेत्रगत कार्यक्रम तर्फ रु.१२ लाख

**अध्यक्ष ज्यू**
**नगर सभा सदस्य ज्यूहरू**

अव म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु १ अर्ब १९ करोड ७५ लाख ३९ हजार १ सय ८० रुपैया विनियोजन गरेको छु । जस मध्ये नेपाल सरकारको वित्तिय समानिकरण अनुदानबाट २३ करोड ४९ लाख, सशर्त अनुदान ३३ करोड ४६ लाख, राजश्व बाडफाँडबाट १३ करोड ९ लाख २८ हजार ९ सय ३५ रुपैयाँ, प्रदेश सरकारबाट वित्तिय समानिकरण अनुदान ३ करोड ४ लाख २५ हजार, समपुरक अनुदान ५० लाख, सर्शत अनुदान ५० लाख, नगरपालिकाको आन्तरिक श्रोतबाट ८ करोड ५० लाख १६ हजार ४ सय ४५ रुपैयाँ, सडक बोर्ड नेपालबाट ६५ लाख, गाउँ नगर साझेदारी कोषबाट रु १९ लाख ६८ हजार ८ सय, घर जग्गा रजिष्ट्रेशनबाट १ करोड, बहुक्षेत्रीय पोषण कार्यक्रमबाट ८ लाख, सामाजिक सुरक्षामा १५ करोड, नगद मौज्दातबाट १८ करोड २४ लाख र जनसहभागिताबाट २ करोड श्रोतको अनुमान गरेको छु ।

Scanned with CamScanner

**सभाअध्यक्ष ज्यू**
**नगर सभाका सदस्य ज्यूहरू**

मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट नगरवासी दिदीबहिनी तथा दाजुभाइका संविधान प्रदत्त मौलिक हक र अधिकार सुनिश्चित हुदै जाने र सार्वजनिक सेवाको प्रभावकारीता एवम् गुणस्तर अभिवृद्धि हुने विश्वास लिएको छु । सामाजिक र आर्थिक क्षेत्रमा सकारात्मक परिवर्तनको महसुस हुने विश्वास लिएको छु ।

**सभाअध्यक्ष ज्यू**
**नगर सभाका सदस्य ज्यूहरू**

यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने नगर प्रमुख ज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने नगर कार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरू, राजनीतिक दलका पदाधिकारीहरू र राष्ट्रसेवक कर्मचारीहरूबाट प्राप्त सुझाव, सहयोग र प्रेरणाप्रति आभार प्रकट गर्दछु । बजेटको सिद्दान्त र प्राथमिकतामा व्यापक छलफल गरी नगर कार्यपालिकाका सदस्यहरू र विषयगत समितिका पदाधिकारी र सदस्यहरूले दिनु भएको सुझावका लागि आभारी छु । त्यस्तै बजेट तर्जुमामा सुझाव दिनु हुने निजी क्षेत्र, गैह्र सरकारी संस्थाहरु, सहकारी क्षेत्र, नागरिक समाज तथा संञ्चारकर्मी सबैप्रति आभारी छु । बजेट तर्जुमामा अहोरात्र खट्ने नगरपालिकाका राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद दिदै यो बजेट कार्यान्वयनमा पनि सबै पक्ष र क्षेत्रको उत्तिकै सक्रियता र सहयोगको अपेक्षा गरेको छु ।

<u>निर्णय नं. ४</u>

प्रस्ताव नं. ४ उपर छलफल गर्दा, नगरपालिकाको आर्थिक विधेयक , २०७८ स्वीकृत गरी नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ५</u>

प्रस्ताव नं. ५ उपर छलफल गर्दा, नगरपालिकाको विनियोजन विधेयक , २०७८ स्वीकृत गरी नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ६</u>

प्रस्ताव नं. ६ उपर छलफल गर्दा, आ.व. २०७८/०७९ को लागि वडाबाट छनौट भई आएका तपसिलका वडास्तरीय योजनाहरु स्वीकृतीका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।


तपसिलः-

Scanned with CamScanner

निर्णय नं. ७

प्रस्ताव नं. ७ उपर छलफल गर्दा, आ.व. २०७८/०७९ को तपसिलका शाखागत योजनाहरु स्वीकृतीका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिलः-



Scanned with CamScanner

<u>निर्णय नं. ८</u>


प्रस्ताव नं. ८ उपर छलफल गर्दा, आ.ब. २०७८/०७९ को तपसिलका नगरस्तरीय बजेट तथा कार्यक्रमहरु स्वीकृतीका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिलः-

क) चालु तर्फका बजेट तथा कार्यक्रमहरुः-

Scanned with CamScanner

ख) पूँजीगत तर्फका बजेट तथा कार्यक्रमहरुः-



Scanned with CamScanner

निर्णय नं. ९

प्रस्ताव नं. ९ उपर छलफल गर्दा, यस नगरपालिकाको आ.ब. २०७७/०७८ को आय व्यय स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिलः-



Scanned with CamScanner

निर्णय नं. १०

प्रस्ताव नं. १० उपर छलफल गर्दा, यस नगरपालिकामा करारमा कार्यरत तपसिल बमोजिका विभिन्न सेवाका नियमिति रुपमा काम गरिरहेका कर्मचारीहरु आ.व. २०७८/०७९ मा पनि आवश्यक रहेकोले निजहरुको कार्यसम्पादन राम्रो नदेखिएमा जुनसुकै वेलापनि सेवाबाट हटाउन सकिने शर्तमा निजहरुसँग भएको करार सम्झौता बमोजिम सेवा सुविधा पाउने गरी म्याद थपको प्रस्ताव नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिलः-

गोरखा नगरपालिकामा कार्यरत करारका कर्मचारीहरुको विवरण

| क्र.स. | कर्मचारीको नामथर | पद | श्रेणी/तह | कार्यरत शाखा |
|---|---|---|---|---|
| १ | ध्रुव प्रसाद घिमिरे | वातावरण अधिकृत | अधिकृतस्तर छैठौं | वन, वातावरण, सरसफाइ तथा विपद् व्यवस्थापन शाखा |
| २ | सुयोग रमण खनाल | IT Officer | अधिकृतस्तर छैठौं | सूचना तथा प्रविधि उपशाखा |
| ३ | सुजन श्रेष्ठ | रोजगार संयोजक | अधिकृतस्तर छैठौं | रोजगार सेवा केन्द्र |
| ४ | सुजित थापा मगर | जु.आ. | सहायकस्तर पाचौं | घर नक्सा उपशाखा |
| ५ | प्रवेश लामिछाने | प्रा.स. | सहायकस्तर पाचौं | रोजगार सेवा केन्द्र |
| ६ | सुनिता डंगौरा | ना.प्रा.स. | सहायकस्तर चौथौं | कृषि शाखा |
| ७ | अनिल केनी | एम.आइ.एस.अपरेटर | सहायकस्तर पाचौं | सामाजिक सुरक्षा तथा पञ्जिकरण उपशाखा |
| ८ | अनुज केसी | एम.आइ.एस.अपरेटर | सहायकस्तर पाचौं | सामाजिक सुरक्षा तथा पञ्जिकरण उपशाखा |
| ९ | शुसिला बानिया | फिल्ड सहायक | सहायकस्तर चौथौं | सामाजिक सुरक्षा तथा पञ्जिकरण उपशाखा |
| १० | उपेन्द्रराज पन्त | उद्यम विकास सहजकर्ता | सहायकस्तर पाचौं | |
| ११ | मुना कुमाल | उद्यम विकास सहयोगी | सहायकस्तर चौथौं | |
| १२ | भुवन कुमाल | स.क.अ. | सहायकस्तर चौथौं | |
| १३ | राजेश राना मगर | स.क.अ. | सहायकस्तर चौथौं | स्वास्थ्य शाखा |
| १४ | अर्जुन कुवर | अमिन | सहायकस्तर चौथौं | घर नक्सा उपशाखा |
| १५ | प्रेम बहादुर बस्नेत | सरसफाइ सुपरभाइजर | सहायकस्तर चौथौं | योजना तथा अनुगमन उपशाखा |
| १६ | शिवराम श्रेष्ठ | स्वीकीय सचिव | सहायकस्तर चौथौं | नगर प्रमुख ज्यूको सचिवालय |
| १७ | नानुमाया खड्का | अ.स.ई. | सहायकस्तर चौथौं | घर नक्सा उपशाखा |
| १८ | भक्त बहादुर बयालकोटि | चालक | | |
| १९ | राजु गुरुङ्ग | चालक | | |
| २० | यम जंग थापा | चालक | | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| २१ | रामशरण विक | चालक | | |
| २२ | सन्त बहादुर गुरुङ्ग | चालक | | |
| २३ | काजीराम अम्गाई | डोजर अपरेटर | | |
| २४ | दल बहादुर राना | चालक | | |
| २५ | राज कुमार बस्नेत | चालक | | |
| २६ | भिमसेन थापा | चौकीदार | | |
| २७ | मिन बहादुर थापा | चौकीदार | | |
| २८ | दिपक आचार्य | कार्यालय सहयोगी | | |
| २९ | भुवन बहादुर अधिकारी | कार्यालय सहयोगी | | |
| ३० | रवि राणा | कार्यालय सहयोगी | | |
| ३१ | नविना खड्का | कार्यालय सहयोगी | | |
| ३२ | अनिता गुरुङ्ग | कार्यालय सहयोगी | | |
| ३३ | शिव भण्डारी | कार्यालय सहयोगी | | |
| ३४ | पम्फा देउला | स्वीपर | | |
| ३५ | अनिता चौधरी | स्वीपर | | |
| ३६ | बासुदेव कसाई | स्वीपर | | |
| ३७ | भगवती नेपाली | स्वीपर | | |
| ३८ | चन्द्र कुमारी गुरुङ्ग | स्वीपर | | |
| ३९ | लक्ष्मी देउला | स्वीपर | | |
| ४० | नर बहादुर गुरुङग | स्वीपर | | |

वडा तर्फ

| क्र.स. | कर्मचारीको नामथर | पद | श्रेणी/तह | कार्यरत शाखा |
|---|---|---|---|---|
| १ | प्रदिप बयालकोटी | स.ई. | सहायकस्तर पाचौं | वडा नं. २ |
| २ | आशिष श्रेष्ठ | स.ई. | सहायकस्तर पाचौं | वडा नं. ४ |
| ३ | सिता वयालकोटी | स.ई. | सहायकस्तर पाचौं | वडा नं. ६ |
| ४ | शिवराम नेपाली | ना.प्र.से.प्रा. | सहायकस्तर चौथौं | पशु सेवा केन्द्र वडा नं. ११ |
| ५ | गीता भट्टराई | कार्यालय सहयोगी | | वडा नं. १ |
| ६ | चन्द्र प्रकाश भट्ट | कार्यालय सहयोगी | | वडा नं. २ |
| ७ | मिना भारती थापा | कार्यालय सहयोगी | | वडा नं. ३ |
| ८ | शोभा खड्का | कार्यालय सहयोगी | | वडा नं. ४ |
| ९ | लक्ष्मी गुरुङ्ग | कार्यालय सहयोगी | | वडा नं. ५ |
| १० | बाल कुमारी आले | कार्यालय सहयोगी | | वडा नं. ६ |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | रिता श्रेष्ठ | कार्यालय सहयोगी | | वडा नं. ७ |
| १२ | पुजा राना | कार्यालय सहयोगी | | वडा नं. ८ |
| १३ | गोमा कुवर | कार्यालय सहयोगी | | वडा नं. ९ |
| १४ | हिरा राना मगर | कार्यालय सहयोगी | | वडा नं. १० |
| १५ | चेतना थापा | कार्यालय सहयोगी | | वडा नं. ११ |
| १६ | प्रमिला कुमाल तामाङ | कार्यालय सहयोगी | | वडा नं. १२ |
| १७ | बालकुमारी बर्सिला | कार्यालय सहयोगी | | वडा नं. १३ |
| १८ | सरिता थापा | कार्यालय सहयोगी | | वडा नं. १४ |

## स्वास्थ्य तर्फका

| सि.नं. | पद | नामथर | कार्यरत शाखा |
|---|---|---|---|
| १ | अ.हे.व. | पार्वती श्रेष्ठ | लक्ष्मी बजार शहरी स्वास्थ्य संस्था |
| २ | अ.हे.व. | विकास थापा | छेपेटार स्वास्थ्य चौकी |
| ३ | अ.हे.व. | पार्वती दानी | आरुश्वाँरा शहरी स्वास्थ्य संस्था |
| ४ | अ.हे.व. | चन्द्र कला वस्नेत | घलाङ शहरी स्वास्थ्य संस्था |
| ५ | अ.हे.व. | योगेन्द्र बाबु अधिकारी | सिम्ले सामुदायिक स्वास्थ्य चौकि |
| ६ | अ.हे.व. | किशोर बाबु सेडाई | प्युघरबेसी नगर स्वास्थ्य इकाई |
| ७ | अनमी | कविता खड्का | प्युघरबेसी नगर स्वास्थ्य इकाई |
| ८ | अनमी | सानुमाया थापा | पस्लाङ शहरी स्वास्थ्य संस्था |
| ९ | अनमी | चन्द्र कुमारी वि.क. | लक्ष्मीबजार शहरी स्वास्थ्य संस्था |
| १० | अनमी | पुजा घले | छेपेटार शहरी स्वास्थ्य संस्था |
| ११ | अनमी | सुमित्रा खाम्चा मगर | ताप्ले स्वास्थ्य चौकी |
| १२ | अनमी | प्रमिला के.सी | कोखेआहाले शहरी स्वास्थ्य संस्था |
| १३ | अनमी | सरिता खनाल | सिम्ले सामुदायिक स्वास्थ्य चौकि |
| १४ | अनमी | मनिसा श्रेष्ठ | आरुस्वाँरा शहरी स्वा. केन्द्र |
| १५ | अनमी | विष्णु माया वि.क. | धलाङ्ग शहरी स्वा. केन्द्र |
| १६ | हे.अ | रस्मी सिटौला ढकाल | आधरभुत स्वास्थ्य केन्द्र गो.न.पा ७ |
| १७ | अ.न.मी | नविना उप्रेति थापा | आधारभुत स्वस्थ्य केन्द्र गो.न.पा ११ |
| १८ | अ.न.मी | मनिसा राना मगर | आधरभुत स्वास्थ्य केन्द्र गो.न.पा १३ |
| १९ | ल्या.टे | निशान अर्याल | स्वास्थ्य शाखा गोरखा |
| २० | का.स | कविता कोईराला | गो.न.पा ११ अधारभुत स्वास्थ्य केन्द्र |
| २१ | का.स | रोशन अधिकारी | गो.न.पा ११ अधारभुत स्वामस्थ्य केन्द्र |
| २२ | का.स | कल्पना श्रेष्ठ | गो.न.पा ७ आधारभुत स्वास्थ्य केन्द्र |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| २३ | का.स | इश्वरी अधिकारी | फिनाम स्वास्थ्य चौकी |
| २४ | का.स | दुर्गा गुरुङ्ग | घलाङ शहरी स्वास्थ्य संस्था |
| २५ | का.स | कुमारी थापा मगर | आरुश्वाँरा शहरी स्वास्थ्य संस्था |
| २६ | का.स | सिर्जना पनेरु | ताप्ले स्वास्थ्य चौकी |
| २७ | का.स | लक्ष्मी खनाल | सिम्ले सामुदायिक स्वास्थ्य चौकि |
| २८ | का.स | चन्ती तामाङ्ग | देउराली स्वास्थ्य चौकी |
| २९ | का.स | मन्जु सुनार | रानीश्वाँरा स्वास्थ्य चौकी |
| ३० | ह.स.च | चेत वहादूर थापा | तारानगर स्वास्थ्य चौकी |
| ३१ | हे.अ | झलक अर्याल | ताप्ले स्वास्थ्य चौकी |
| ३२ | अ.न.मी | सिता वि.सि | देउराली स्वास्थ्य चौकी |

<u>विद्यालय नर्सहरुः-</u>

| क.स. | नाम थर | पद | कार्यरत विद्यालय |
|---|---|---|---|
| १ | सोनु पन्थ | विद्यालय नर्स | छेवेटार शहरी स्वास्थ्य |
| २ | सपना राना मगर | विद्यालय नर्स | आधारभूत स्वास्थ्य चौकी वडा नं. ७ |
| ३ | सुस्मिता अधिकारी | विद्यालय नर्स | नारेश्वर स्वास्थ्य चौकी |
| ४ | दिक्षा थापा | विद्यालय नर्स | घलाङ्ग स्वास्थ्य चौकी |
| ५ | रोशनी श्रेष्ठ | विद्यालय नर्स | स्वास्थ्य शाखा |
| ६ | युनिषा बगाले | विद्यालय नर्स | हेल्थ डेस्क |
| ७ | रन्जना थापा | विद्यालय नर्स | रानिश्वारा स्वास्थ्य चौकी |
| ८ | शान्ति श्रेष्ठ | विद्यालय नर्स | स्वास्थ्य शाखा |
| ९ | श्रृष्टि लामिछाने | विद्यालय नर्स | संस्थागत क्लिनिक |
| १० | रेक्सोना अर्याल | विद्यालय नर्स | आधारभूत स्वास्थ्य चौकी वडा नं. ७ |
| ११ | ममता लामिछाने | विद्यालय नर्स | हेल्थ डेस्क |
| १२ | पुजा कुमाल | विद्यालय नर्स | तारानगर स्वास्थ्य चौकी |
| १३ | निकिता वस्नेत | विद्यालय नर्स | स्वास्थ्य शाखा |

Scanned with CamScanner

निर्णय नं. ११

प्रस्ताव नं. ११ उपर छलफल गर्दा, आ.ब. २०७७/०७८ मा भएका सम्पूर्ण कार्यपालिका बैठकका निर्णयहरु अनुमोदनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ उपर छलफल गर्दा, गोरखा नगरपालिकाको आ.ब. २०७७/०७८ मा कार्यान्वयन भएका सम्पूर्ण योजना तथा कार्यक्रमहरुलाई फरफारक गरी अनुमोदनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

प्रस्ताव नं. १३ उपर छलफल गर्दा, कोभिड- १९ को हालको विषम परिस्थितिमा नगरपालिका तथा वडा कार्यालयले सञ्चालन गर्ने विभिन्न निर्माणका योजनाहरुमा आवश्यकता बमोजिम परिवर्तन हुन सक्ने हुँदा वडास्तरीय योजनाहरुको हकमा नगर प्रमुखबाट र नगरस्तरीय योजनाको हकमा नगर कार्यपालिकाबाट योजना परिवर्नन गर्ने गरी अधिकार प्रत्यायोजनको प्रस्ताव नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

प्रस्ताव नं. १४ उपर छलफल गर्दा, यस नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको आ.ब. २०७८/०७९ को तलबी प्रतिवेदन स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

प्रस्ताव नं. १५ उपर छलफल गर्दा, यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री दिनेशराज पन्तले नगरपालिकाको कार्यालय प्रमुखको दायित्व व्यहोर्नुपर्ने र सबै शाखाको कार्यसम्पन्न गर्नुपर्दा विहान बेलुकी र विदाको दिनमा समेत कार्य गर्नुपरेको हुँदा निज नगरपालिकामा हाजिर भएको मिति देखि अर्को व्यवस्था नभएसम्म मासिक रु १५,०००/- (अक्षरुपी रु पन्ध्र हजार रुपैयाँ मात्र) का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।साथै हाल कोरोनाको जोखिम रहेको र फोहोरमैलाको कार्यमा संलग्न ड्राइभर सन्त बहादुर गुरुङ्ग, भक्त बहादुर बयालकोटी, स्वीपरहरु बासुदेव कसाई, राम कुमार देउला र नर बहादुर गुरुङ्गलाई २०७७ साउन देखि अर्को निर्णय नभएसम्म मासिक रु. ५०००/- का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. १६

प्रस्ताव नं. १६ उपर छलफल गर्दा, आ.व. २०७७/०७८ को न्यायिक समितिको तपसिलको वार्षिक प्रतिवेदन स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिलः-

**गोरखा नगरपालिका**
**न्यायिक समितिको सचिवालय**
## आर्थिक वर्ष २०७७।०७८ को वार्षिक प्रगति प्रतिवेदन

मिति : २०७८।०३।१०

श्रीमान नगर प्रमुख ज्यू मार्फत
नगर सभा पेश ।

नेपालको संविधान २०७२ को धारा २१७ मा हरेक स्थानीय तहमा न्यायिक समिति रहने व्यवस्था गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ मा न्यायिक समिति गठन गरी सो समितिलाई संस्थागत गर्न दफा ४७ (१) मा निरुपण गर्ने र ४७ (२) मा मेलमिलाप को माध्यमवाट मात्र विवाद निरुपण गर्ने सोको विवरण नगरसभामा पेश गर्ने र अनुमोदन पश्चात अभिलेखिकरण गर्ने व्यवस्था भए अनुसार, न्यायिक समितिले सो कार्य सम्पादन गर्ने क्रममा विवाद निरुपण तथा मेलमिलाप कार्यको लागि गोरखा नगरपालिका न्यायिक समिति कार्यविधि (ऐन), २०७४मा व्यवस्था भएअनुसार विवादका पक्षहरुको साझा हित र चाहाना अनुसार न्याय सम्पादन गरिएको छ ।

**१. न्यायिक समितिमा दर्ता भएका उजुरी र फर्स्यौटको अवस्था**

| सि.नं. | विवरण | उजुरी दर्ता संख्या | मिलापत्र भएको | निरुपण गरिएको | सहमति कायम भएको | प्रक्रियमा रहेको | अन्यत्र पठाएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको जिम्मेवारी सरेको उजुरी संख्या | ११ | २ | १ | ४ | २ | ३ | जग्गा विवाद २ बाँकी |
| १ | घर/जग्गा भोगचलन सम्वन्धी | ४० | ८ | ४ | ९ | १८ | | |
| ३ | ज्याला मजदुरी सम्वन्धी | १ | १ | ० | ० | ० | | |
| ५ | घरभाडा तथा रकम असुल उपर सम्बन्धी | १० | ३ | १ | ३ | ३ | | |
| ६ | सम्पत्ति फिर्ता | १ | ० | ० | ० | ० | १ | |

Scanned with CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | गराईपाउ | | | | | | | |
| ८ | घरेलु हिंसा भएको भनी प्राप्त निवेदन | ३ | १ | ० | २ | ० | | |
| | गाली वेइजती सम्बन्धी | ५ | ३ | १ | ० | १ | | |
| | यस आ.ब.को जम्मा | ६० | १६ | ६ | १४ | २२ | | |
| | कुल जम्मा | ७१ | १८ | ७ | १८ | २४ | | |

२. आर्थिक वर्ष २०७८।७९ को लागि कानुन अनुसार तालिम प्राप्त मेलमिलापकर्ता न्यायिक समितिमा सूचिकृत भएको हुँदा न्यायिक समिति ऐन, (कार्यविधि) २०७४ (संशोधन सहित) को दफा ५९ को उपदफा २ बमोजिम नगर सभाबाट अनुमोदनको लागि सिफारिस गरिएको छ।

तपशिल

आ.ब.०७७।०७८ को लागि न्यायिक समिति अन्तर्गतसूचिकृत भएका मेलमिलापकर्ताहरू

| क्र.स. | मेलमिलापकर्ताहरुको नाम | ठेगाना | सम्पर्क नम्म |
|---|---|---|---|
| १ | रेशम भट्ट | गो.न.पा.१, गोरखा | ९८१४११५७५८ |
| २ | कोपीला भट्ट | गो.न.पा.१, गोरखा | ९८०६५६५१८८ |
| ३ | नवराज भट्ट | गो.न.पा.१, गोरखा | ९८१८१११६९३ |
| ४ | अमृत श्रेष्ठ | गो.न.पा.२, गोरखा | ९८६०३९७९४५ |
| ५ | भरत कुमार श्रेष्ठ | गो.न.पा.२, गोरखा | ९८४६१२४९७५ |
| ६ | मनु थापा मगर(राना) | गो.न.पा.२, गोरखा | ९८२७१५२२३६ |
| ७ | एलिना कुमाल | गो.न.पा.३, गोरखा | ९८२३८६६२६९ |
| ८ | हरीराम थापा | गो.न.पा.३, गोरखा | ९८४६३४०४२७ |
| ९ | वलराम वानिया | गो.न.पा.४, गोरखा | ९८०६६०९९६४ |
| १० | विन्दा पाण्डे वानिया | गो.न.पा.४, गोरखा | ९८४६०६१९९४ |
| ११ | ज्ञानु थापा मगर | गो.न.पा ५, गोरखा | ९८४६५३६६४८ |
| १२ | रिता नेपाली | गो.न.पा ५, गोरखा | ९८२९१२३१५६ |
| १३ | मन्दिरा भूजेल | गो.न.पा ५, गोरखा | ९८४६०९८०२१ |
| १४ | सुमित्रा थापा मगर | गो.न.पा ५, गोरखा | ९८४६२७१७२६ |
| १५ | भावना देवकोटा | गो.न.पा ६, गोरखा | ९८४६३७९४२५ |
| १६ | सरीता नेपाली | गो.न.पा ६, गोरखा | ९८४६५७७४१८ |
| १७ | मिना देवि श्रेष्ठ | गो.न.पा ६, गोरखा | ९८४६४००१९४ |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १८ | गोपाल प्रसाद रिजाल | गो.न.पा ७, गोरखा | ९८४६०९७७७४ |
| १९ | नविना दुलाल | गो.न.पा ७, गोरखा | ९८४६२७१८२० |
| २० | शोभा थापा पाण्डे | गो.न.पा ७, गोरखा | ९८४९३६०५३८ |
| २१ | विश्वराम कुवँर | गो.न.पा ८, गोरखा | ९८४९२४५०९७ |
| २२ | लक्ष्मी देवि थापा (शर्मा) | गो.न.पा ८, गोरखा | ९८४५०७७५१६ |
| २३ | कृष्ण बावु खत्री | गो.न.पा ८, गोरखा | ९८४६१५७७६० |
| २४ | देवेन्द्र वस्नेत | गो.न.पा ९, गोरखा | ९८४६४५९३९६ |
| २५ | शंकर कुवँर | गो.न.पा ९, गोरखा | ९८४६४३१६०२ |
| २६ | जनुका पुडासैनी | गो.न.पा ९, गोरखा | ९८४६६४८०४९ |
| २७ | ज्ञानु राना | गो.न.पा १०, गोरखा | ९८४६२९०८९० |
| २८ | अनिल कुमाल | गो.न.पा १०, गोरखा | ९८६०५८२१९७ |
| २९ | पवित्रा ढकाल | गो.न.पा १०, गोरखा | ९८४६५६५५६५ |
| ३० | सुनिता वस्नेत | गो.न.पा ११, गोरखा | ९८४६१५७७१२ |
| ३१ | बलराम पन्थ | गो.न.पा ११, गोरखा | ९८४६०८०४६१ |
| ३२ | राजेन्द्र भट्ट | गो.न.पा ११, गोरखा | ९८४५२०९९७८ |
| ३३ | सोविता संग्रौला (पन्थ) | गो.न.पा १२, गोरखा | ९८०५८८८५५४ |
| ३४ | संगिता कुमाल | गो.न.पा १२, गोरखा | ९८४६१२४८६९ |
| ३५ | प्रेम माया अर्याल(तामाङ) | गो.न.पा १२, गोरखा | ९८२७१७०३५३ |
| ३६ | निर्मला नराल पाण्डे | गो.न.पा १३, गोरखा | ९८४६१४४९७८ |
| ३७ | विक्रम मल्ल | गो.न.पा १३, गोरखा | ९८४६१२५८४६ |
| ३८ | होम बहादुर खत्री | गो.न.पा १३, गोरखा | ९८४६५८९२६० |
| ३९ | धनमाया थापा | गो.न.पा १४, गोरखा | ९८२५१०७८२३ |
| ४० | राजेन्द्र ठकुरी | गो.न.पा १४, गोरखा | ९८५६०४०००८ |
| ४१ | हरि बावु कैनी | गो.न.पा १४, गोरखा | ९८५११४८८९० |

३. सामुदायिक मेलमिलापकर्ताहरुको सहयोगमा न्याय सम्पादन प्रकृयालाई मेलमिलाप पद्धतिबाट सर्वसाधारणमा न्यायको पहुँच पुऱ्याउन यस नगरपालिकाको सबै वडाहरुमा मेलमिलाप केन्द्र गठन, व्यवस्थापनको लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था हुन सिफारिस गरिन्छ ।

Scanned with CamScanner

४. नगरपालिका न्यायिक समिति मार्फत न्याय सम्पादनमा सहज तुल्याउन एक कानुन क्षेत्रको कर्मचारी आवश्यकता महसुस गरिएकोले नगरपालिकाको संगठन संरचना अन्तर्गत कानुन अधिकृतको दरबन्दी कायम गरी कानुन अधिकृतको व्यवस्था हुन सिफारिस गरिएको छ ।

निर्णय नं. १७

प्रस्ताव नं. १७ उपर छलफल गर्दा, गो.न.पा.- १३ मा निर्माणाधिन गोरखा गेटको सिसिटिभि र डिजिटल बोर्ड जडानको कार्य गोरखा गेट निर्माण सम्पन्न नभएको, झ्याल ढोका राख्न बाँकी रहेको र उक्त सिसिटिभि र बोर्डको सामाग्रीहरु गोरखा गेटमा नै राख्नुपर्ने हुँदा सुरक्षाका हिसाबले झ्याल ढोका नहुँदा अगाडी बढाउन नसकिएकोले उक्त कार्यलाई आ.ब. २०७८/०७९ मा क्रमागत योजना तर्फ आवश्यक बजेट सहित मिति २०७८ कार्तिक मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

प्रस्ताव नं. १८ उपर छलफल गर्दा, गोरखा नगरपालिकाको लागि आवश्यक तारजाली खरिद गर्न रु ३ लाख नगरपालिकाको प्रकोप व्यवस्थापन कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

प्रस्ताव नं. १९ उपर छलफल गर्दा, होमस्टे प्रवर्द्धन कार्यक्रमबाट विरेनचोक सामुदायिक होमस्टे भवन, हल तथा शौचालय निर्माणका लागि ७ लाख ५० हजार विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

प्रस्ताव नं. २० उपर छलफल गर्दा, गोरखा नगरपालिका अन्तर्गत विभिन्न स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मीहरुको लागि गत आ.व. मा छुट भएको सशर्त तर्फको स्वास्थ्यकर्मीको तलव भत्ता शिर्षकबाट फिल्ड भत्ता रु. १,०१,२५०/- अक्षरुपी रु एक लाख एक हजार दुई सय पचास रुपैयाँ मात्र विनियोजन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. २१

प्रस्ताव नं. २१ उपर छलफल गर्दा, गोरखा नगरपालिकाको एम्बुलेन्स संचालन सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २२

प्रस्ताव नं. २२ उपर छलफल गर्दा, पर्यटन प्रवर्द्धन कार्यक्रमको २० लाख रकम मध्येबाट गोरखा दरबार क्षेत्रको सिढी मर्मतसम्भार गर्न रु. ६,५४,४८१।६२ (अक्षरुपी रु छ लाख चौवन्न हजार चार सय एकासी रुपैयाँ बैसठ्ठी पैसा मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. २३

प्रस्ताव नं. २३ उपर छलफल गर्दा, आ.ब. २०७७/०७८ मा यस नगरपालिकाबाट भए गरेका कार्यहरुको तपसिलको समिक्षा प्रतिवेदन स्वीकृत गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

तपसिलः-

गोरखा नगरपालिका नगरबासीको भावना, आकांक्षा आवश्यकताको आधारमा जीवनस्तर सुधार गर्न र विकास समृद्धिको अपेक्षा पुरा गर्ने प्रतिवद्धताको साथ अगाडि बढिरहेको छ । आर्थिक वर्ष ०७७।०७८ मा नगर सभा मार्फत पारित भएका योजनाहरु अधिकांश सम्पन्न भएका छन् भने कोभिडको दोश्रो लहरको कारण केही योजनाहरु आगामि आ.व.मा सम्पन्न गर्नु पर्ने भएको छ । विभिन्न चुनौतिहरुको बावजुद केही महत्वपूर्ण रुपमा हासिल गरिएका उपलब्धीहरु सम्मानित यस नगरसभा समक्ष प्रस्तुत गर्न चाहान्छु ।

१। नेपालको संविधान २०७२ लागू भएपछि कानुन निर्माण गर्ने अधिकार समेत प्रयोग गर्न पाउने भएकोले हालसम्म ११ ऐन र ४७ वटा नियम कार्यविधि जारी गरी कार्यान्वयनमा आएका छन् ।

२। नगरपालिकाको आन्तरिक आयलाई वृद्धि गर्न र बजारलाई व्यवस्थित किसिमबाट सञ्चालन गर्न नगर विकास कोषबाट ऋण लिई नयाँ बहुउद्देश्य भवनको निर्माण सम्पन्न गरिएको छ ।

३। वडा कार्यालयबाट प्रवाह हुने सेवालाई प्रवाकारी रुपमा सञ्चालन गर्न वडा नं. ९, ११ र १२ को आफ्नै भवन निर्माण गरी कार्य सञ्चालन गरिएको छ । साथै अन्य वडाहरु पनि आफ्नै भवनमा रहेका छन् ।

४। गोरखा नगरपालिकाको धार्मिक, पर्यटकीय गुरु योजना, एकिकृत शहरी विकास योजना, वडा नं. १४ अवस्थित अकला मन्दिर, वडा नं. ४ को भिमसेन पार्क, वडा

Scanned with CamScanner

स्टोन पार्क र थुम्काचली View Tower योजनाहरुको डि पि आर तयार गरिएको छ ।

५। गोरखा नगरपालिकामा पुर्नसंरचना पछि समावेश भएका वडाहरुको समेत सन्तुलित र न्यायपूर्ण विकास गर्ने उद्देश्यले प्रत्येक वडाको लागि ९० लाखको लागत सहभागिताको विकास आयोजनाहरु सामानुपातिक तवरबाट वडा समितिको निर्णयको आधारमा सञ्चालन भएका छन् साथै वडा समितिको निर्णयबाट र नगरस्तरिय ठूला तथा साना योजना समेत गरी यसै वर्ष जम्मा ७५० वटा आयोजनाहरु सञ्चालन भएका छन् । यी आयोजना मध्ये पश्चिमकाली चिल्ड्रेनपार्क स्तरउन्नती सतिपिपल काफलघारी स्वाँरा सडक, कट्टेल डाडा आप्तले भन्ज्याङ देखि देविस्थान सडक, पाटेचौर रानीवन पन्थेश्वारा देखि पिपलथोक वृन्दावन सडक, कालोबर अर्खले पश्चिमकाली सडक, प्रतिक्षालय देखि खोलखोलेसम्म फुटपाथ, शिखर कोखेआहाले देखि थर्पु सडक, रातामाटा महिला भवन पक्की नाला ढलान, अकलामन्दिर पर्यटकीय पूर्वाधार, गोरखा क्याम्पस भौतिक पूर्वाधार, स्टोन पार्क निर्माण आदि योजना सञ्चालन हुँदै आएका छन् । यस आर्थिक वर्षमा मात्रै नगरपालिका क्षेत्र भित्र ७ किलो मिटर सडक ढलान सम्पन्न भएको छ ।

६। नगरपालिकाकाले उठाउने गरेको फोहरलाई व्यवस्थित गर्न आगामि श्रावण १ देखि लागु हुने गरी सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार निजी क्षेत्र मार्फत फोहर संकलन, वर्गिकरण र व्यवस्थापन गर्ने गरी क्लिन इर्नर्जी गोरखालाई कार्यदेश दिइएको छ । त्यस्तै गरी गोरखा नगरपालिका वडा नं. ८ मा ल्याड फिल्ड साईड निर्माण गरी उक्त स्थानसम्म सवारी साधन जानको लागि पक्कि ढलान गरिएको छ ।

७। वडा नं. ७ को डड्डिडाडा, वडा नं. ११ को मैनधारा र १३ को तिन किलोमा आधारभूत स्वास्थ्य केन्द्र यसै चालु वर्षमा थप गरी सञ्चालन गरिएको छ भने वडा नं. १० मा शहरी स्वास्थ्य केन्द्र रहेको स्थानमा नयाँ भवनको निर्माण कार्य अगाडि बढाइएको छ ।

८। प्रत्येक वडा कार्यालयमा इन्टरनेट जडान गरी अनलाईन मार्फत सेवा प्रवाह शुभारम्भ गरिएको छ ।

९। खानेपानी सेवालाई सर्वसुलभ बनाउने अभियान स्वरुप प्रत्येक वडाका घर घरमा खानेपानी पुऱ्याउने उद्देश्य अनुरुप २५ वटा खानेपानीका आयोजनाहरु सम्पन्न भएको छ ।

Scanned with CamScanner

१०। भूकम्पको पुनः नाप तथा छुट सर्भेक्षण, पुनरावेदन अन्तर्गत नगरपालिका भित्र छुट भएका गुनासो/छुट दर्ता प्राविधिक जाँच कार्य राष्ट्रिय पुनः निर्माण प्राधिकरणसंग सहकार्य गरी अगाडि बढाउदै नगरपालिका भित्रका भूकम्प पिडितहरुको केही घरहरु सम्पन्न भएका छन् भने केही सम्पन्न हुने चरणमा रहेका छन् ।

११। सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा विद्युतिय हाजिरी जडान गरी विद्यालयको गुणस्तर अभिबृद्धि गर्ने कार्यमा सहयोग गरिएको छ ।

१२। लक्षित वर्गका कार्यक्रम मार्फत सिलाईकटाई, विभिन्न आय मुलक तालिम, ब्यूटिसियन तालिम, ड्राभिङ तालिम, क्रिस्टलको सामाग्री, साबुन निर्माण तालिम, साथै जनप्रतिनिधि तथा कर्मचारीहरुलाई नया सहिंता तथा स्थानयि कानुन निर्माण सम्वन्धी तालिम, लगायतका कार्यक्रमहरु सम्पन्न भएका छन् ।

१३। वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुलाई सुरक्षित मर्यादित रुपमा वैदेशिक रोजगारीमा जादा आवश्यक पर्ने आवश्यक सूचनाहरु प्रदान गर्न र समस्यामा परेका बखत उद्धारको लागि आवश्यक ज्ञान सीप सिकाउन जिल्ला प्रशासन कार्यालयमा भवन निर्माण गरी सामी परियोजनाको सहयोगमा सुरक्षित आप्रवासन सम्वन्धी सेवा केन्द्र सञ्चालन गरिएको छ । साथै एकिकरण नेपालको सहयोगमा सामी परियोजना मार्फत कोभिड १९ का कारण समस्यामा रहेका विरामीहरुलाई मनोपरामर्श सेवा उपलब्ध गराइएको छ ।

१४। चालु आर्थिक वर्ष ०७७।०७८ मा सबै वडाहरुबाट अनलाई सिस्टमबाट राजश्व संकलन व्यक्तिगत घटना दर्ता लगाएका कार्यक्रमहरु सञ्चालनमा ल्याई वडाकार्यालयको सेवालाई विश्वासनीय बनाइएको छ । साथै जेष्ठ नागरिक लगायतका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई बैक मार्फत भत्ता वितरण गर्ने कार्य सुरु गरिएको छ ।

१५। नगरपालिकाको वडाहरुको विभिन्न स्थानमा स्वास्थ्य शिविर, कृषि परामर्श सेवा सञ्चालन गरी कृषि र पशु विकास कार्यक्रम मार्फत ७५ प्रतिशत देखि ९० प्रतिशतसम्म अनुदानमा घासको विऊ, भकारो सुधार, टनेल वितरण, जेटस्प्रे वितरण, मौरी पालन, माछा पालन, मिनिटेलर वितरण, तरकारी खेती लगायतका कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

१६। गोरखा नगरपालिकाको बजार क्षेत्रको सम्पूर्ण नालाहरुबाट निस्कने फोहरलाई एकिकृत गरी प्रशोधन केन्द्र मार्फत प्रशोधन गरी व्यवस्थित रुपमा ढल व्यवस्थापन गर्न संघिय सरकारको सहयोगमा कार्य सुरु गरिएको छ ।

Scanned with CamScanner

१७। नगरपालिकाको विभिन्न टोलविकास संस्थाहरुसंग समन्वय गरी नयाबजार, चिल्ड्रेनपार्क, बसपार्क, ठूलोआगन, तिनधारे, पाटेचौर, हस्पिटल चोक, घ्याम्पेशाल चोक, हरमटारी चोक, खोलखोले आर्युवेद चोक, १२ किलो, १३ किलो, अवुवासम्मका स्थानहरुमा सि.सि.टि.भी जडान गरिएको छ।

१८। नगरपालिकाले प्रवाह गर्नु पर्ने सूचनालाई प्रभावकारी रुपमा संप्रेषण गर्न गो.न.पा.६ स्थित पुरानो बसपार्कमा डिजिटल बोड स्थापना गरी सूचना प्रवाह गरिएको छ।

१९। गोरखा नगरपालिकाले सञ्चालन गर्ने सर्म्पूण योजनाहरुलाई एकिकृत रुपमा व्यवस्थित एवम् रिपोर्टिङ प्रणालिलाई प्रभावकारी बनाउन पूर्वाधार व्यवस्थापन प्रणालिको विकास गरी नगरपालिकामा जडान गरिएको छ।

२०। पर्यटन प्रर्वद्धन अन्तर्गत गोरखा नगरपालिका वडा नं ५ स्थित चिल्ड्रेन पार्कमा भ्यूटावर निर्माण गरी चालु आ.व.मा सम्पन्न गरिएको छ।

२१। गोरखा नगरपालिका वडा नं. १० स्थित छेपेटारमा रहेको खेलकूद मैदानलाई स्तरउन्नती गरी राष्ट्रिय मापदण्ड बमोजिमको रंगशाला निर्माण गरिएको छ।

२२। नगरपालिका क्षेत्र भित्र हुन सक्ने सम्भावित विपद् जोखिम न्यूनिकरण गर्न IOM को सहयोगमा विपद् व्यवस्थापन सम्वन्धी सामाग्रीहरु सहित भवन निर्माण सम्पन्न भएको छ।

२३। विपद तथा जलवायूजन्य जोखिम न्यूनिकरण तथा व्यवस्थापन नीति, २०७७ र विपद जोखिम न्यूनिकरण २०२० देखि २०३० सम्म तर्जुमा गरिएको छ। साथै गोरखा नगरपालिका भित्र ९५ वटा खुल्ला क्षेत्र पहिचान गरिएको छ।

२४। नगरपालिका भित्रका ५९ हजार २ सय ८७ व्यक्तिगत घटनालाई पञ्जीकरण विभागमा रहेको केन्द्रीय सर्भरसंग लिङ्क गरी अनलाईन घटना दर्ता कार्य सुरु गरिएको छ।

२५। नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा १ देखि ३ कक्षासम्मका विद्यार्थीहरुलाई स्थानीय पाठ्यक्रम उत्पादन गरी लागू गरिएको छ।

२६। विद्यालयमा कार्यरत शिक्षिकाहरुको लागि प्रसुति विदामा वस्नु पर्दा शैक्षिक क्षति कम गराउन सट्टा शिक्षकको व्यवस्था गरिएको छ।

२७। नगरपालिका भित्र निम्नमाध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयहरुलाई सूचना प्रवृद्धि मैत्रि वनाउन आ.सि.टि ल्याव सहितको कार्य सम्पन्न गरिएको छ।

२८। नगरपालिका क्षेत्र भित्रका नगरवासीहरुको स्वास्थ्यलाई विशेष महत्व दिदै विभिन्न वडाहरुमा सञ्चालन गर्न सकिने गरी Portable Video x-ray मेसिन खरिद

Scanned with CamScanner

गरिएको छ । साथै नगरपालिकाको विभिन्न वडाहरुमा प्रयोगशाला स्थापना र सञ्चालन गर्ने गरी आवश्यक सामग्री सहितको मेसिन खरिद गरी आगामि आर्थिक वर्षबाट प्रयोगशाला सञ्चलान गर्न सकिने गरी कार्यसम्पन्न गरिएको छ ।

२९। गोरखा अस्पतालमा कोभिड १९ को दोश्रो चरणको क्षेतिलाई न्यून गर्न गोरखा अपस्ताल भित्र २० शैयाको र गोरखा उद्योग वाणिज्य संघको भवनमा ३० शैयाको आइसोलेसन केन्द्र संचालन गरिएको छ । साथै गोरखा नगरपालिका प्रवेशको विन्दु मभ्नुवामा हेल्थ डेक्स स्थापना गरिएको छ ।

३०। कोरोना पोजेटिभ भएका नगरवासीहरुलाई स्वास्थ्य सामग्री सहितको आइसोलेशन किटको व्यवस्था गरी घरघरमा पुगी वितरण गरिएको छ । साथै पि.सि.आर टेष्ट, एन्टिजेन टेष्टलाई व्यापक बनाउदै केश म्यानेजमेन्ट टिम गठन गरी कन्ट्रयाक ट्रेसिङलाई व्यवस्थित गरिएको छ ।

३१। विद्यालय नसिङ्ग कार्यक्रम मार्फत माध्यमिक तह संचालन रहेका सामुदायिक विद्यालयहरुमा स्टाप नर्सको व्यवस्थापन गरी बालबालिकाहरुलाई स्वस्थ रहन आवश्यक पर्ने ज्ञान सीप हस्तान्तरण गर्न विद्यालयहरुमा खटाइएको छ ।

३२। गोरखा नगरपालिकाको न्यायिक समितिमा दर्ता हुन आएका ६० वटा विवाद मध्ये मिलापत्र ११ वटा, सहमति १४ वटा, निरुपण ८ गरी जम्मा ३३ वटा फर्स्यौट भएको छ ।

३३। गोरखा नगरपालिकाको आन्तरिक आय तर्फ चालु आर्थिक वर्ष ०७७।०७८ मा गत आर्थिक वर्षको भन्दा ७१ प्रतिशतले वृद्धि भएको छ ।

<u>निर्णय नं. २४</u>

प्रस्ताव नं. २४ उपर छलफल गर्दा, मेलमिलाप कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. २५</u>

प्रस्ताव नं. २५ उपर छलफल गर्दा, धादिङ्ग जिल्लाको निलकण्ठ नगरपालिकासँग सरसफाई, विपद् व्यवस्थापन लगायत विविध विषयमा सहकार्य गर्ने गरी यस नगरपालिकाको भगिनी सम्बन्ध कायम गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. २६</u>

प्रस्ताव नं. २६ उपर छलफल गर्दा, कोभिड-१९ को जोखिम न्यूनिकरण तथा नियन्त्रणका लागि गोरखा नगरपालिकालाई प्राप्त थान २ एम्बुलेन्स सञ्चालन गर्न तत्काल चालक आवश्यक परेकोमा

Scanned with CamScanner

गो.न.पा.- १०, गोरखा निवासी श्री दल बहादुर राना र गो.न.पा.- ५, गोरखा निवासी श्री राज कुमार बस्नेतले एम्बुलेन्स चालकको रुपमा नगरपालिकाले तोकेको सेवा शर्त बमोजिम कार्य गर्न इच्छुक रहेको भनि निवेदन पेश गरेकोले निजहरुलाई करार सम्झौतामा उल्लेखित सेवा शर्त बमोजिम काम सन्तोषजनक नदेखिएमा र नगरपालिकाको लागि आवश्यक नभएमा जुनसुकै बखत हटाउन सक्ने गरी करारमा नियुक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. २७

प्रस्ताव नं. २७ उपर छलफल गर्दा, घ वर्गको निर्माण व्यवसायी इजाजत सम्वन्धी कार्यविधि २०७४ को दफा ३ को उपदफा २ र ३ मा भएको विद्यमान नविकरण सम्वन्धी व्यवस्थालाई यथावत राख्दै उपदफा ४ थप गरी सो आर्थिक वर्षको मसान्तसम्म नविकरण गर्न आएमा दोव्वर दस्तुर रु. १०,०००/- अक्षरुपी रु दश हजार रुपैयाँ मात्र लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र नविकरण गर्न सक्ने उपदफा ५ मा हालसम्म नविकरण नभएका घ वर्गका निर्माण व्यवसायीको हकमा रु. २०,०००/- (अक्षरुपी रु बीस हजार रुपैयाँ ) एकमुष्ट जरिवाना लिई प्रमुख प्रशासकीय अधिकृतले नविकरण गरिदिन सक्ने गरी कार्यविधि संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. २८

प्रस्ताव नं. २८ उपर छलफल गर्दा, यस न.पा.को आ.व. २०७७/०७८ को गोरखा नगरपालिका वडा नं. ७ स्थित कालोवर अर्खले पश्चिमकाली सम्मको सडक पिच निर्माणको ठेक्का नं. ०८-२०७६/०७७ को कार्य सम्पन्न गर्नका लागि जारी निषेधाज्ञाको कारण तराईवाट आवश्यक जनशक्ति ल्याउन कठिनाई भएको तथा वर्षादको कारण कालो पत्रे गर्न नमिल्ने भएकोले समय भित्र काम गर्न नसकी म्याद थपको लागि सम्वन्धी निर्माण कम्पनीवाट म्याद थप गरी पाउँ भनि निवेदन पेश भएको साथै प्राविधिकको सिफारिस समेतको आधारमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ५६ तथा नियमावली २०६४ (संशोधन सहित) को नियम १२० बमोजिम सो सडक निर्माण कार्यको लागि मिति २०७८ असोज मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. २९

प्रस्ताव नं. २९ उपर छलफल गर्दा, यस न.पा.को आ.व. २०७७/०७८ को गोरखा नगरपालिका वडा नं. ८ स्थित नयाँ बस्ती देखि बराहा सम्मको सडकमा पक्की नाला टेवा पर्खाल र कालो पत्रे सहित सडक निर्माण कार्यको ठेक्का नं. ११-२०७६/०७७(NCB) को कार्य सम्पन्न गर्नका लागि साइटमा पटक पटक विवाद उत्पन्न भई काम रोकिएको तथा कोभिड-१९ को कारण जारी निषेधाज्ञाले तराईवाट आवश्यक जनशक्ति ल्याउन कठिनाई भएको तथा विद्यमान मौसम पानी परिरहेको हुँदा कालो पत्रे गर्न नमिल्ने भएकोले समय भित्र काम गर्न नसकी म्याद थपको लागि

Scanned with CamScanner

सम्बन्धी निर्माण कम्पनीबाट म्याद थप गरी पाउँ भनि निवेदन पेश भएको साथै प्राविधिकको सिफारिस समेतको आधारमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ५६ तथा नियमावली २०६४ (संशोधन सहित) को नियम १२० बमोजिम सो सडक निर्माण कार्यको लागि मिति २०७८ असोज मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ३०

प्रस्ताव नं. ३० उपर छलफल गर्दा, गोरखा नगरपालिका वडा नं. ४, ५, ६ र ८ को पाटेचौर रानिवन पन्थेधारा भिमसेन पार्क विन्द्रावन होटल माथिको सडक स्तरोन्नती गर्ने कार्यको लागि गोल्डेन कि विल्डर्स प्रा.लि. गोरखासँग सम्झौता भई कायदिश दिइएकोमा उक्त निर्माण सेवाले कार्य सुरु गरेकोमा पक्कि नालाको लागि इष्टमेट भएको नपाईएकाले विना पक्की नाला कालोपत्रे गर्दा प्राविधिक पक्षबाट समेत दिगो नहुने हुँदा सो अवस्थामा नै कालोपत्रे गर्ने वा नाला बनाएर मात्र कालोपत्रे गर्ने भन्ने सम्बन्धमा टुङ्गो नलागेकाले र विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसका कारण जारी निषेधाज्ञाले गर्दा तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकेकोले सम्बन्धित निर्माण कम्पनीबाट म्याद थपका लागि अनुरोध भई आएकोले माग भएको निवेदन तथा प्राविधिकको सिफारिसको आधारमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ५६ तथा नियमावली २०६४ (संशोधन सहित) को नियम १२० बमोजिम २०७८ मंसिर मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ३१

प्रस्ताव नं. ३१ उपर छलफल गर्दा, जिल्ला जलश्रोत समिति मार्फत अनुमति पाई दर्ता भएका उपभोक्ता संस्थाहरु २०७६ साल पश्चात नगरपालिका मार्फत दर्ता नविकरण हुने गरेकोमा त्यस भन्दा अगाडी नविकरण नगरेका उपभोक्ता संस्थाको हकमा साविक जिल्ला विकास समितिले लिने गरेको नविकरण दस्तुर लिई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले नविकरण गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ३२

प्रस्ताव नं. ३२ उपर छलफल गर्दा, गोरखा नगरपालिकामा कार्यरत तपसिल बमोजिमका सवारी चालकहरुलाई कार्यबोझको आधारमा २०७७/८/१ देखि अर्को निर्णय नहुँदासम्मका लागि लागु हुने गरी निम्नानुसारका दरले मासिक प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

१. हसचा यम जंग थापा - रु. ७०००/-
२. हसचा श्री रामशरण वि.क. - रु. ६०००/-
३. हसचा श्री पुत बहादुर गुरुङ्ग - रु. ५०००/-
४. हसचा श्री राजु गुरुङ्ग - रु. ५०००/-

निर्णय नं. ३३

प्रस्ताव नं. ३३ उपर छलफल गर्दा, यस कार्यालयले कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि औषधी, भिटिएम साथै स्वास्थ्य सुरक्षण सामाग्रीहरु (PPE, Mask, Sanitizer) लगायत देहाय बमोजिमका सामाग्रीहरु खरिद गरी भुक्तानी गरेकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.स. | संस्थाको नाम | मुख्य सामाग्रीहरु | मुल्य |
|---|---|---|---|
| १. | Brave Sports wear, ktm | TPE | २४४९८९.७३/- |
| | | सर्जिकल सामाग्रीहरु | ४४९९८८६/- |
| २. | डालिमा मेडिसेल्स काठमाण्डौं | औषधी खरिद | ४९७९००/- |
| ३. | श्रिराग मेडिसेल्स पोखरा | सर्जिकल सामाग्रीहरु | ३४१२६/- |
| ४. | प्रतिक सर्जिकल्स पोखरा | भिटिएम | ९६०५०/- |
| ५. | आँखु इन्टरप्राइजेज काठमाण्डौं | भिटिएम | ९६०५०/- |

निर्णय नं. ३४

प्रस्ताव नं. ३४ उपर छलफल गर्दा, गोरखा नगरपालिका वडा नं. ६ र ७ को सिमानामा निर्माणाधिन बहुउद्धेशिय भवनको म्याद थप सम्बन्धमा यस नगरपालिका र नगर विकास कोषबीच सम्झौता भई २०७७ चैत्र मसान्तसम्म म्याद थप भएकोमा कोभिड- १९ को कारणले सम्झौता अवधिमा सम्पूर्ण निर्माण कार्य सम्पन्न नभएकाले निर्माण कार्य सम्पन्न गर्नको लागि म्याद थप गर्न सिनर्जी-क्रिस्चल-सचेत जे.भि. निर्माण व्यवसायीले निवेदन समेत पेश गरेकोले मिति २०७८ असार २५ गतेसम्म म्याद थप गर्ने र सहमतिका लागि नगर विकास कोषलाई अनुरोध गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

<u>निर्णय नं. ३५</u>

प्रस्ताव नं. ३५ उपर छलफल गर्दा, आ.व. २०७७/०७८ मा उपभोक्ता समितिहरुबाट संचालित योजनाहरु मध्ये कोभिड-१९ को कारणबाट जारी निषेधाज्ञाले गर्दा समयमै सम्पन्न हुन नसकेका तपसिलका योजनाहरुलाई क्रमागत योजनामा राख्ने निर्णय गरियो ।

तपसिलः-

Scanned with CamScanner

# गोरखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, गोरखा
कार्यालयको कोड : ८०४३६४०१३००

### कार्यक्रम / परियोजना अनुसार बजेट बिनियोजन

आ.व. : २०७८/७९ बजेट उपशीर्षक : गोरखा नगरपालिका क्रमागत योजना — रु. हजारमा

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | उप क्षेत्र | खर्च शीर्षक | स्रोत | लक्ष | इकाई | विनियोजन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा |
| ८०४३६४०११०२ गोरखा नगरपालिका क्रमागत योजना | | | | | | | | | | |
| १ | सवारी साधन मर्मत वडा नं. ३ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२१३ | आन्तरिक श्रोत - नगद | १ | N/A | २० | १५ | १५ | ५० |
| २ | आहाले गाउ खानेपानी तथा सरसफाइ उ.स लाइ खानेपानी जि आइ पाइप खरिद | खानेपानी तथा सरसफाई | २२२३१ | आन्तरिक श्रोत - नगद | १ | N/A | ४० | ३० | ३० | १,०० |
| ३ | गोरखा गेटमा सि.सि. क्यामेरा जडान तथा श्रव्य दृश्यको | संचार तथा सूचना प्रबिधि | २२२३१ | आन्तरिक श्रोत - नगद | १ | N/A | ५,६० | ४,२० | ४,२० | १४,०० |
| ४ | चिसापानी आमडाडा खानेपानी मर्मत | खानेपानी तथा सरसफाई | २२२३१ | आन्तरिक श्रोत - नगद | १ | N/A | ४० | ३० | ३० | १,०० |
| ५ | सिमलगैरी खानेपानी पाइप खरिद | खानेपानी तथा सरसफाई | २२२३१ | आन्तरिक श्रोत - नगद | १ | N/A | २० | १५ | १५ | ५० |
| ६ | पस्ताङ्ग शहरी स्वास्थ्य सामाग्री खरिद | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३११ | आन्तरिक श्रोत - नगद | १ | N/A | ८० | ६० | ६० | २,०० |
| ७ | उद्योग बाणिज्य संघ महिला उद्यमी विकास समिति सिप मुलक तालिम | उद्योग | २२५१२ | आन्तरिक श्रोत - नगद | १ | N/A | ८० | ६० | ६० | २,०० |
| ८ | न्याय सम्पादन तथा प्रकृया बारे जनचेतना मुलक कार्यक्रम | कानुन तथा न्याय | २२५१२ | आन्तरिक श्रोत - नगद | १ | N/A | २,०० | १,५० | १,५० | ५,०० |
| ९ | GIS MAP | संचार तथा सूचना प्रबिधि | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | २,०० | १,५० | १,५० | ५,०० |
| १० | अध्यायन अवलोकन भ्रमण ( न्यायिक समिति पदाधिकारी कर्मचारी मेलमिलापकर्ता) | कानुन तथा न्याय | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | १,२० | ९० | ९० | ३,०० |
| ११ | अपाङ्गहरुको लागी जीविकोपार्जन अनुदान कार्यक्रम | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | २,०० | १,५० | १,५० | ५,०० |
| १२ | उद्यमी महिलाको लागी ऋण व्यवस्थापन | उद्योग | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | ४,०० | ३,०० | ३,०० | १०,०० |

Scanned with CamScanner

# गोरखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, गोरखा
कार्यालयको कोड : ८०४३६४०१३००

### कार्यक्रम / परियोजना अनुसार बजेट विनियोजन

आ.व. : २०७८/७९ बजेट उपशीर्षक : गोरखा नगरपालिका क्रमागत योजना — रु. हजारमा

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | उप क्षेत्र | खर्च शीर्षक | स्रोत | लक्ष | इकाई | विनियोजन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा |
| १३ | एकल तथा विपन्न बर्गका महिलालाइ बाख्राको खोर मर्मत सहयोग अनुदान | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | ७९ | ५९ | ५९ | १,९९ |
| १४ | कुखुराको खोर अनुदान | पशुपन्छी विकास | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | २,०० | १,५० | १,५० | ५,०० |
| १५ | गर्भवती महिलाहरुलाइ अल्ट्रासाउण्ड भिडियो एक्सरे गर्ने कार्य | स्वास्थ्य | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | २६ | १९ | १९ | ६५ |
| १६ | गाइ भैसीको गोठ सुधार अनुदान | पशुपन्छी विकास | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | १,१२ | ८४ | ८४ | २,८० |
| १७ | छतिबने टोल वरपर क्षेत्रमा कुटानी पिसानी मिल सहयोग कार्यक्रम | उद्योग | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | ४० | ३० | ३० | १,०० |
| १८ | जेष्ठ नागरिक बालबालिका | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | ३६ | २७ | २७ | ९० |
| १९ | तारजाली तथा खानेपानीको फिटिङ्ग सामाग्री खरिद कार्य | खानेपानी तथा संरसफाई | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | १,२० | ९० | ९० | ३,०० |
| २० | न.पा. को डकुमेन्ट्री | संचार तथा सूचना प्रबिधि | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | २,०० | १,५० | १,५० | ५,०० |
| २१ | फ्री वाइफाइ जडान | संचार तथा सूचना प्रबिधि | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | २,०० | १,५० | १,५० | ५,०० |
| २२ | बंगुर खोर सुधार अनुदान | पशुपन्छी विकास | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | ७२ | ५४ | ५४ | १,८० |
| २३ | महेन्द्र ज्योति मावि | भवन, आवास तथा सहरी विकास | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | ८४ | ६३ | ६३ | २,१० |
| २४ | महिलाहरुको सह लगानीमा सामुहिक गाइ भैसी पालन कार्यक्रम | पशुपन्छी विकास | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | २,०० | १,५० | १,५० | ५,०० |
| २५ | माछा पालन अनुदान | कृषि | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | २,४० | १,८० | १,८० | ६,०० |

Scanned with CamScanner

# गोरखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, गोरखा
कार्यालयको कोड : ८०४३६४०१३००

### कार्यक्रम / परियोजना अनुसार बजेट विनियोजन

आ.व. : २०७८/७९ बजेट उपशीर्षक : गोरखा नगरपालिका क्रमागत योजना

रु. हजारमा

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | उप क्षेत्र | खर्च शीर्षक | स्रोत | लक्ष | इकाई | विनियोजन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा |
| २६ | वडा नं. १४ खेलकुद सामाग्री खरिद | युवा तथा खेलकुद | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | ४० | ३० | ३० | १,०० |
| २७ | वडा भित्रका माछा तथा तरकारी खेति गर्न कृषकहरलाइ प्रोत्साहन अनुदान | कृषि | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | ६० | ४५ | ४५ | १,५० |
| २८ | वडा स्तरीय कृषि कार्यक्रम ७५ प्रतिशन अनुदान | कृषि | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | ८० | ६० | ६० | २,०० |
| २९ | वडा स्तरीय पशुसेवा कार्यक्रम ७५ प्रतिशत अनुदान कार्यक्रम वडा नं १० | पशुपन्छी विकास | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | ४० | ३० | ३० | १,०० |
| ३० | व्यवसायिक बाख्राको खोर मर्मत सुधार अनुदान कार्यक्रम | पशुपन्छी विकास | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | २,०० | १,५० | १,५० | ५,०० |
| ३१ | स्वास्थ्य आमा समुह पुर्नजागरण कार्यक्रम | स्वास्थ्य | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | २० | १५ | १५ | ५२ |
| ३२ | साहित्यिक कार्यक्रम | शिक्षा | २२५२२ | आन्तरिक श्रोत - नगद | १ | N/A | १,२० | ९० | ९० | ३,०० |
| ३३ | बुढिकोटि दुग्ध उत्पादक सहकारि संस्था अनुदान | सहकारी | २५२११ | आन्तरिक श्रोत - नगद | १ | N/A | २,०० | १,५० | १,५० | ५,०० |
| ३४ | वडाका कृषकहरुलाइ बंगुर तथा बाख्रा पठा वितरण वडा नं ११ | पशुपन्छी विकास | २५२२१ | आन्तरिक श्रोत - नगद | १ | N/A | १,६० | १,२० | १,२० | ४,०० |
| ३५ | माछापालक कृषकहरुलाइ अनुदान कार्यक्रम वडा नं १२ | पशुपन्छी विकास | २५३१३ | आन्तरिक श्रोत - नगद | १ | N/A | ८० | ६० | ६० | २,०० |
| ३६ | विरेन्चोक सामुदायिक होमस्टे | सम्पदा पूर्वाधार | २६४१३ | आन्तरिक श्रोत - नगद | १ | N/A | १,१० | ८२ | ८२ | २,७६ |
| ३७ | मानव सेवा आश्रम भवन निर्माण कार्य | भवन, आवास तथा सहरी विकास | ३१११९ | आन्तरिक श्रोत - नगद | १ | N/A | ५,०६ | ३,७९ | ३,७९ | १२,६६ |
| ३८ | १३ किमि सामुदायिक भवन | भवन, आवास तथा सहरी विकास | ३१११२ | आन्तरिक श्रोत - नगद | १ | N/A | १,६० | १,२० | १,२० | ४,०० |

Scanned with CamScanner

# गोरखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, गोरखा
कार्यालयको कोड : ८०४३६४०१३००

### कार्यक्रम / परियोजना अनुसार बजेट विनियोजन

आ.व. : २०७८/७९ बजेट उपशीर्षक : गोरखा नगरपालिका क्रमागत योजना

रु. हजारमा

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | उप क्षेत्र | खर्च शीर्षक | स्रोत | लक्ष | इकाई | विनियोजन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा |
| ३९ | आहाले सामुदायिक भवन निर्माण | भवन, आवास तथा सहरी विकास | ३११११२ | आन्तरिक श्रोत - नगद | १ | N/A | ३,९१ | २,९३ | २,९३ | ९,७८ |
| ४० | जन्ते दुङ्गा महिला समूह भवन | भवन, आवास तथा सहरी विकास | ३११११२ | आन्तरिक श्रोत - नगद | १ | N/A | ८० | ६० | ६० | २,०० |
| ४१ | सुचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च मध्ये वडा कार्यालयहरुमा कर तथा राजस्व सम्बन्धी सफ्टवेयरहरुको स्तरोन्नती तथा माइग्रेसन | बिज्ञान तथा प्रबिधि | ३११३४ | आन्तरिक श्रोत - नगद | १ | N/A | ८१ | ६० | ६० | २,०२ |
| ४२ | आहाले भञ्ज्याङ्ग बगैचा हुदै फकेरबारी मोटर बाटो | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | १ | N/A | ४० | ३० | ३० | १,०० |
| ४३ | कट्टेल डाडा भञ्ज्याङ्ग देखि देवी थान सम्मको सडक स्तरोन्नति | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | १ | N/A | ५,४४ | ४,०८ | ४,०८ | १३,६२ |
| ४४ | कालोवर अर्खले पश्चिमकाली सडक स्तरोन्नति कार्य | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | १ | N/A | ७,४८ | ५,६१ | ५,६१ | १८,७० |
| ४५ | गाइखुर सैयादिन मियाको घर नजिक मोटर बाटो स्तरोन्नती | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | १ | N/A | ८० | ६० | ६० | २,०० |
| ४६ | चन्द्रज्योति डेरी-चन्द्र ज्योति प्रा वि सम्म नाला ढलान | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | १ | N/A | ५,७५ | ४,३१ | ४,३१ | १४,३८ |
| ४७ | नयावस्ती बराहा सडक स्तरोन्नति | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | १ | N/A | ६,९० | ५,१७ | ५,१७ | १७,२५ |
| ४८ | पश्चिमकाली चिल्ड्रने पार्क मैदान सडक स्तरोन्नति कार्य | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | १ | N/A | २०,८० | १५,६० | १५,६० | ५२,०० |
| ४९ | पाटेचौर रानिवन पन्थेश्वारा देखि पिपलथोक बृन्दावन सडक स्तरोन्नति | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | १ | N/A | ४६,०० | ३४,५० | ३४,५० | १,१५,०० |
| ५० | पाटेचौर रानिवन पन्थेश्वारा भिमसेन पार्क विन्दावन होटल सम्मको सडक स्तरोन्ति कार्य | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | १ | N/A | २०,८० | १५,६० | १५,६० | ५२,०० |

Scanned with CamScanner



# गोरखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, गोरखा
कार्यालयको कोड : ८०४३६४०१३००

### कार्यक्रम / परियोजना अनुसार बजेट विनियोजन

आ.व. : २०७८/७९ बजेट उपशीर्षक : गोरखा नगरपालिका क्रमागत योजना — रु. हजारमा

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | उप क्षेत्र | खर्च शीर्षक | स्रोत | लक्ष | इकाई | विनियोजन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा |
| ५१ | पिङडाडा आलेगाउँ सडक | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | १ | N/A | ८० | ६० | ६० | २,०० |
| ५२ | बुढीकोट जाने बाटो | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | १ | N/A | ३,६४ | २,७३ | २,७३ | ९,११ |
| ५३ | बर्खेचौर डाडा गाउ वेनीखोला सडक | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | १ | N/A | ६४ | ४८ | ४८ | १,६० |
| ५४ | बर्थोक घर्तीगाउ सडक ढलान | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | १ | N/A | २,०० | १,५० | १,५० | ५,०० |
| ५५ | बस्नेत गाउँ जोसेफ सडक | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | १ | N/A | १,६० | १,२० | १,२० | ४,०० |
| ५६ | माझीगाउ गुन्दीखोल प्युघरवेसी भट्टवेशी सडक | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | १ | N/A | ४,७० | ३,५२ | ३,५२ | ११,७५ |
| ५७ | रातामाटा महिला भवन पक्की नाला हुदै गैरा चौतारा राष्ट्रिय मार्ग कुमाल गाउ बाटो ढलान | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | १ | N/A | ६,४७ | ४,८५ | ४,८५ | १६,१९ |
| ५८ | शिखर कोखे आहाले देखि थर्पु सडक स्तरोन्नति कार्य | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | १ | N/A | ६,६१ | ४,९६ | ४,९६ | १६,५४ |
| ५९ | सडक मर्मत कार्य | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | १ | N/A | ४०,४० | ३०,३० | ३०,३० | १,०१,०० |
